# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३११ | काठमाडौं | आइतबार, २७ फागुन २०८० | Prabhab National Daily | Sunday, March 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# निशानामा अध्यक्षको कुर्सी

- माओवादीका झक्कुप्रसाद सुवेदी र कृष्ण अधिकारीमध्ये एकजना अध्यक्षको उम्मेदवार हुने सम्भावना
- कांग्रेसबाट कृष्णप्रसाद सिटौला, जितजंग बस्नेत र किरणबाबु श्रेष्ठ दाबेदार
- भोलि (सोमबार) अध्यक्षको मनोनयन र मंगलबार निर्वाचन हुने
- हाल ५८ जना राष्ट्रिय सभा सदस्य छन्, एक जना मनोनीत गर्न बाँकी
- निर्वाचन जित्न २९ मत आवश्यक तर सत्ता गठबन्धनसँग ३९ मत




■ **जेबी योञ्जन**

**काठमाडौं-** कार्यकाल सकिएर राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना एक साताअघि बिदा भएपछि रिक्त रहेको अध्यक्ष पदका लागि मंगलबार चुनाव हुँदै छ। सत्ता गठबन्धन र प्रमुख विपक्षी दल नेपाली कांग्रेसका उम्मेदवारबीच चुनावमा प्रतिस्पर्धा हुने देखिएको छ। उम्मेदवार भने गठबन्धन र कांग्रेस दुवैले छानेका छैनन्।

गठबन्धनको तर्फबाट अध्यक्ष पदमा माओवादीका उम्मेदवार हुने छन्। गएको साता गठबन्धन दलहरूबीच भएको भागबण्डाअनुसार माओवादीलाई अध्यक्ष र एमालेलाई उपाध्यक्ष पद परेको थियो।

सोहीअनुसार अध्यक्ष पदका उम्मेदवार छनोट गर्न माओवादी केन्द्रको पदाधिकारी बैठक आज बिहान बस्दै छ। बैठकले छ वर्षे कार्यकाल भएका राष्ट्रिय सभा सदस्यमध्येबाट एक जनालाई उम्मेदवार बनाउने सचिव देवेन्द्र पौडेलले जानकारी दिए।

'अध्यक्षको रेसमा त थुप्रै सांसदहरू हुनुहुन्छ तर दुई वर्षे र चार वर्षे कार्यकाल भएकालाई भन्दा छ वर्षे कार्यकाल भएकालाई छान्ने हुन्छ,' उनले प्रभावसँग भने।

स्रोतको दाबी भने हालै पद तथा गोपनीयताको शपथ ग्रहण गरेका राष्ट्रिय सभा सदस्य झक्कुप्रसाद सुवेदी उम्मेदवार बन्ने सम्भावना बढी छ। उनी माओवादी स्थायी समिति सदस्य हुन्। लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्दै निर्वाचित सुवेदीको कार्यकाल छ वर्ष छ।

उनी २०६४ मा संविधानसभा सदस्य थिए। त्यसबेला काठमाडौं-२ मा तत्कालीन नेकपा एमालेका महासचिव माधवकुमार नेपाललाई पराजित गरेर राष्ट्रिय राजनीतिमा चर्चित पात्र भएका थिए। उनै सुवेदीलाई प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहालले अघि सार्ने मनस्थिति बनाएको दाबी स्रोतको छ।

बागमती प्रदेशबाट निर्वाचित राष्ट्रिय सभा सदस्य कृष्ण अधिकारी पनि अध्यक्षको दौडमा छन्। उनी अपांगता भएका राष्ट्रिय सभा सदस्यसमेत हुन्। उनको पक्षमा नेताहरूले लबिइङ गरिरहेका छन्। उनको घर नुवाकोट हो। त्यहाँबाट नै हालै प्रधानमन्त्री दाहालले सांसद हितबहादुर तामाङलाई पर्यटनमन्त्री बनाएपछि एकै भूगोलबाट तत्काल दुई नेताले अवसर पाउने सम्भावना न्यून रहेको चर्चा छ।

(क्रमशः पृष्ठ २ मा)

# महानिर्देशकले प्रयोग गर्ने सरकारी निवास सचिवको कब्जामा



डा. रेवतीरमण पौडेल

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पशुसेवातर्फका सचिव **डा. रेवतीरमण पौडेल**ले कृषि विभागमा महानिर्देशक हुँदा प्रयोग गरेको सरकारी क्वाटर अहिलेसम्म छाडेका छैनन्

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पशुसेवातर्फका सचिव डा. रेवतीरमण पौडेलले कृषि विभागमा महानिर्देशक हुँदा प्रयोग गरेको सरकारी क्वाटर अहिलेसम्म कब्जा गरिरहेका छन्। कीर्तिपुरस्थित बागवानी केन्द्रमा रहेको सरकारी निवास लामो समयदेखि उनले कब्जा जमाएका हुन्। सचिव पौडेलले करिब चार वर्षदेखि उक्त भवन प्रयोग गरिरहेका छन्।

विगतका कृषि विभागको महानिर्देशकका लागि सो क्वाटर उपलब्ध गराउँदै आइरहेको थियो। उनी कृषि विभागको महानिर्देशक हुँदा लिएको सो सरकारी भवन अहिले सचिव हुँदासम्म छाडेका छैनन्। वर्तमान सचिव पौडेल त्यसबेला सहसचिव हुँदा महानिर्देशकको पद सम्हालेलगतै उक्त क्वाटर आफ्नो मातहतमा राख्न लगाएका थिए। र, अहिलेसम्म पनि छाड्न मानेका छैनन्। बागवानी केन्द्रले उक्त भवन छाड्न पटक-पटक आग्रह गरेको भए पनि कर्मचारीलाई कार्यसम्पादन मूल्यांकन घटाइदिने भन्दै नछाड्ने अडानमा सचिव पौडेल रहेको केन्द्रका कर्मचारीहरू बताउँछन्।

उनले सो सरकारी भवनलाई आफ्नो निजी जस्तै गरी कब्जा गरिरहेका छन्। पौडेल केही समय महानिर्देशक भए र सरुवा भई लुम्बिनी प्रदेशको मन्त्रालयमा सरुवा भएर गए। तर उनले क्वाटर छाडेनन्। एक वर्ष प्रदेशसचिव हुँदा क्वाटर नछाडेका पौडेलले त्यसपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सहसचिवका रूपमा सरुवा भएर आएपछि त क्वाटर छाड्ने कुरै भएन। उनले महानिर्देशकले पाउनुपर्ने क्वाटर अरूलाई दिँदै दिएनन्, तालाबन्दी गरेर राखे। मन्त्रालयमा भित्रभित्रै सरकारी क्वाटर दुरूपयोग गरेको चर्चा चले पनि मन्त्रालयका कर्मचारीहरूले बाहिर ल्याउन सकेका छैनन्। कृषि मन्त्रालयमा सहसचिवका रूपमा जिम्मेवारी सम्हाल्दा पनि उनले त्यही क्वाटर लिएर बसे।

पछि उनी वन तथा वातावरण मन्त्रालयमा सचिव पद रिक्त भएपछि वरीयता क्रमका आधारमा कायममुकायम सचिव भए। तर पनि उले कृषिको उक्त क्वाटर छाडेनन्। केही समयपछि उनी पूर्णरूपका सचिव भएर बन मन्त्रालयमै काम गरिरहँदा पनि कृषि मन्त्रालय मातहतको क्वाटरमा रजाइँ गरि नै रहे।

वन मन्त्रालयको सचिवमा रूपमा रहँदा कृषिको क्वाटर कब्जा गरेको विषयमा पौडेलसँग जिज्ञासा राख्दा उनले केही दिनमै क्वाटर छाड्ने जानकारी दिएका थिए। तर क्वाटर मोहमा रहेका पौडेलले छाडेनन्।

(क्रमशः पृष्ठ २ मा)

सुदूरपश्चिममा 'असमावेशी' मन्त्रीमण्डल

# मुख्यमन्त्रीसहित ६ मन्त्री कैलालीका

■ **जनार्दन उपाध्याय**

**धनगढी-** सुदूरपश्चिम प्रदेशमा सत्ता अंकगणित पेचिलो बन्दै गएको छ। नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका मुख्यमन्त्री कमलबहादुर शाहले अन्तिम अस्त्रका रूपमा नागरिक उन्मुक्ति पार्टीका थप तीन मन्त्री नियुक्त गरेका छन्।

संसदीय दलका नेतासमेत रहेका घनश्याम चौधरीले आर्थिक मामिला मन्त्री, खुसीराम चौधरी विनाविभागीय र इन्दिरा गिरीले भूमि व्यवस्था राज्यमन्त्रीको जिम्मेवारीमा शुक्रबार साँझ नै शपथ लिइसकेका छन्। नवनियुक्त सबै मन्त्री कैलालीबाटै निर्वाचित भएका हुन्।

मुख्यमन्त्री शाहले विस्तार गरेको मन्त्रीमण्डल असमावेशी बनेको छ। सुदूरपश्चिममा नौ जिल्ला रहे पनि प्रदेश सरकारमा बैतडी र कैलाली गरी दुई जिल्लामात्रै समेटिएका छन्। त्यसमा पनि आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज भट्टबाहेक सबै मन्त्री कैलालीका छन्। मुख्यमन्त्री शाह स्वयं पनि कैलालीका हुन्।

उनी कैलाली प्रतिनिधिसभा क्षेत्र नं २ अन्तर्गतको प्रदेशसभाबाट निर्वाचित भएका थिए। त्यसै क्षेत्रबाट निर्वाचित रामेश्वर चौधरीलाई उनले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बनाएका छन्। भौतिक पूर्वाधार विकासमन्त्री प्रकाश देउवा पनि कैलालीबाट निर्वाचित हुन्।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'नेपाल-जापान सम्बन्धमा नेपाली समाज उदाहरणीय'

**टोकियो (जापान)-** जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले जापानमा रहेको नेपाली समाजले नेपाल-जापान सम्बन्ध विस्तारमा पुऱ्याउँदै आएको योगदान उदाहरणीय रहेको बताएका छन्। दुई देशबीचको सम्बन्ध विस्तारमा जापानस्थित नेपाली समाजले हासिल गरेको उचाईबाट जापान सरकार तथा यहाँको समाजले नेपाली परिचय र पहिचान दिलाउन सफल भएको उनले उल्लेख गरे।

राजदूत डा. सुवेदीले नेपाल-जापानबीचको सांस्कृतिक, धार्मिक र जनस्तरमा सम्बन्ध विस्तारमा यहाँको नेपाली समाजले उल्लेख्य भूमिका निर्वाह गरेको बताए। जापानमा हाल करिब एक लाख ६३ हजारको संख्यामा नेपाली रहेको अनुमान गरिएको छ। नेपालीहरू विभिन्न पेसा व्यवसाय, रोजगारी र अध्ययनका




सिलसिलामा जापानमा बस्दै आएका छन्।

उच्च शिक्षा अध्ययन र रेस्टुराँ व्यवसायमा संलग्न नेपालीको संख्या बढी छ। जापानमा हाल करिब ४० हजार नेपाली विद्यार्थी उच्च शिक्षा अध्ययनमा छन् भने करिब ८०० को संख्यामा नेपाली रेस्टुराँ सञ्चालनमा रहेको बताइएको छ। त्यहाँका रेस्टुराँ नेपाली पहिचान झल्कने रातोमाटो, निम्तो, चिनो, आँगन, हार्दिक, नेपाली खाजाघरजस्ता नामाकरण दिएर सञ्चालन गरिएको पाइन्छ। नेपाली दालभात तरकारीका अलवा कोदो र फापरको ढिँडो, मःमजस्ता परिकार र व्यञ्जनले नेपाली खानालाई जापानमासमेत परिचय गराएको राजदूत डा. सुवेदी बताउँछन्।

'जापानमा रहेको नेपाली समाज अन्य देशको तुलनामा सु-संगठित, सुविचारित र समृद्ध हुँदै गएको छ,' राजदूत डा. सुवेदीले भने।

गैरआवासीय नेपाली संगठन (एनआरएन) का पूर्वअध्यक्ष भवन भट्ट तथा मनि एक्सचेञ्जका क्षेत्रका ओम गुरुङ, रवीन शेरचन, महेशलाल श्रेष्ठ एवं व्यापार तथा व्यवसाय क्षेत्रमा भूषण घिमिरे, शिवप्रसाद पौडेललगायत जापानमै ख्याति कमाएका व्यक्ति हुन्।

(क्रमशः पृष्ठ २ मा)

# थप ३९ नेपालीले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ३९ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन्। साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ। यसै क्रममा तीन हजार १०० भन्दा बढी नेपालीले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ। तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ। साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ।

# श्रमिकको स्वास्थ्य परीक्षण गर्ने १४५ संस्था नवीकरण

**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्दै आएका १४५ वटा स्वास्थ्य संस्थाको नवीकरण गरेको छ। मन्त्रालयले वैदेशिक रोजगार ऐनको दफा ७२ र नियमावलीको नियम ४५ (क) तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि-२०७२ बमोजिम ती स्वास्थ्य संस्थाको नवीकरण गरेको हो।

मन्त्रालयले एक सूचना जारी गर्दै वैदेशिक रोजगारमा जाने कामदारहरूको विदेश जानुअघि स्वास्थ्य परीक्षण गराउने संस्थाहरूले कानुनबमोजिम सूचीकरण नवीकरण हुनुपर्ने व्यवस्था भएका कारण तोकेअनुसार आवश्यक कागजात र दस्तुरसहित पेस गरिएका संस्थाहरूको नवीकरण भएको उल्लेख गरेको छ। कार्यविधिअनुसार तीन वर्षका लागि सूचीकरण नवीकरण गरिएको पनि मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगार ऐन, नियमावली र कार्यविधिले वैदेशिक रोजगारमा विदेश जाने कामदारहरूको स्वास्थ्य परीक्षण गराउने स्वास्थ्य संस्थाहरू अनिवार्यरूपमा श्रम मन्त्रालयमा सूचीकरण हुनुपर्ने व्यवस्था गरेको छ।

(क्रमशः पृष्ठ २ मा)




# लुम्बिनीमा एकैपटक १२५० अल्पकालीन भिक्षु



**लुम्बिनी-** बौद्धमार्गमा हिँड्ने पहिलो खुट्किलो मानिने श्रामणेर (अल्पकालीन) भिक्षुका लागि बुद्ध जन्मस्थल लुम्बिनीमा शनिबार प्रव्रज्या आयोजना गरिएको छ। मायादेवी मन्दिर परिसरमा एकैदिन एक हजार २५० जना अल्पकालीन भिक्षुहरूले पहैँलो चीवर लगाएर बुद्धधर्मका विभिन्न १० वटा शिल पालना गरी प्रव्रज्यामा सहभागिता जनाएका हुन् ।

अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका विभिन्न संस्थाको सहआयोजनामा मायादेवी मन्दिर प्रांगणमा एक हजार २५० जनालाई कूलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो ।

अखिल नेपाल भिक्षु महासंघ अध्यक्ष महास्थविर धम्म शोभन र थाइल्याण्डका धम्मकाय फाउण्डेशनका उपप्रमुख फरा उपाफ्रूचाए पभनासहित बौद्ध धर्मगुरुहरूले अल्पकालीन भिक्षुका लागि चीवर प्रदान गरेका थिए। अल्पकालीन भिक्षुहरूले पहैँलो चीवर लगाएर बुद्धधर्मका १० वटा नियम पालना गर्नुपर्ने नियम छ। सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्णरूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नुपर्ने छ। भिक्षु बन्नका लागि भने २२७ वटा नियम पालना गर्नुपर्छ ।

यही फागुन १६ गतेदेखि सुरू भएको प्रव्रज्यामा लुम्बिनीमै आएर एक हजार २५० जनाले केश मुन्डन गरेर चीवर प्राप्त गरेका हुन् । शनिबार पहैँलो चीवर लगाउन योग्य भएका श्रामणेरहरूले आफूहरूले पहैँलो चिवर ग्रहण गर्न पाउँदा निकै खुसी लागेको बताएका छन् ।

अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु प्रज्ञामूर्तिले बुद्ध शिक्षाको प्रवर्द्धन र लुम्बिनीको महत्त्वलाई थप उजागर गर्नका लागि एक हजार २५० जनालाई श्रामणेर (अल्पकालीन भिक्षु) बनाइएको बताए । उनले चीवर प्राप्त गरेका उनीहरूलाई पञ्चशील, अष्टशील र विनयपिटकबारे जानकारी दिने र दैनिक ध्यान गराउने गरिएको बताए । छोटो अवधिमा चीवर प्राप्त गरी बुद्धको शिक्षा ग्रहण गराउन आफूहरूले श्रामणेर बनाउने गरिएको उनले बताए ।

लुम्बिनीमा गरिएको अल्पकालीन भिक्षु बनाउने कार्यले बुद्धको शिक्षा र बुद्धधर्मको प्रचारमा सहयोग पुग्ने राजकीय थाई विहार लुम्बिनीका प्रमुख भिक्षु सुफोथले बताए । यसअघि सन् २०११ मा एक हजार, २०१५ मा एक हजार ११२, सन् २०१९ मा एक हजार ११९ र सन् २०२३ मा ५०० जनालाई प्रव्रज्या गराइएको कार्यक्रम निर्देशक एवं लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य राजेश शाक्यले बताए ।

प्रवज्याअन्तर्गत आइतबार भिक्षाटन, आगामी चैत ३ र ४ गते बृहत्तर लुम्बिनी क्षेत्रको रामग्राम र तिलौराकोटमा धर्मयात्रा र चैत ८ गते समापन हुने जनाइएको छ । *रासस*

# दोहामा 'नेपाल डे'



**काठमाडौं-** कतारको दोहास्थित नेपाली दूतावासले यही शुक्रबार (मार्च ८ तारिख) नेपाल दिवस (नेपाल डे) समारोह सम्पन्न गरेको छ। हरित मरुभूमि र सुन्दर वातावरणको लक्ष्य राखी वागवानी उत्पादनका लागि विश्वमै पहिलोपटक कतार सरकारले सुरू गरेको दोहा एक्स्पो २०२३ को समापन हुने समयमा नेपाल दिवस सम्पन्न गरिएको हो ।

करिब ५०० अतिथिको उपस्थितिमा सम्पन्न एक्स्पोमा कतारस्थित विभिन्न देशका राजदूत तथा एक्स्पोमा पेभिलियन सञ्चालन गर्ने अधिकांश मुलुकका कमिश्नर जनरलहरूको विशिष्ट सहभागिता थियो। समारोह उद्घाटन गर्दै दोहा एक्स्पोका डेपुटी सेक्रेटरी जनरल मोहमद अल सादले अत्यन्त सुन्दर र प्राकृतिक रूपले धनी मुलुक नेपालले कतार सरकारले आयोजना गरेको एक्स्पोमा सक्रिय सहभागिता जनाएकोमा प्रशंसा गरे ।

कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालले नेपालको भौगोलिकता, प्राकृतिक सम्पदा र लगानीको अवस्था जानकारी गराउँदै उक्त अवसरका लागि यो समारोह महत्त्वपूर्ण हुने बताए । नेपाली सांस्कृतिक कार्यक्रम, नृत्य, झाँकीहरू प्रस्तुत गर्दै परेड गरिएको थियो । सो समारोहबाट विश्वकै धनी मुलुक र रोजगारीलगायतको सम्भावनाको खानी रहेको कतारमा नेपाल र नेपाली चिनाउन र नेपालको विकासमा कतार सरकारलाई साझेदार गराउन अहम् भूमिका निर्वाह गरेको कार्यक्रमका संयोजक एवं नेपाली पेभिलियनका कमिश्नर जनरल कृष्णकुमार सुवेदीले जानकारी दिए ।

कार्यक्रमबाट कतारलगायत मध्यपूर्वका मुलुकबाट नेपालमा लगानीको सम्भावना बढ्ने अपेक्षा गरिएको नेपाली व्यवसायी संघ कतारका अध्यक्ष महेन्द्र चम्लगाईंले बताए। गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टले कतारमा रहेको नेपाली समुदायको विशिष्ट उपस्थिति र सांस्कृतिक कार्यक्रमले नेपालीको पहिचान बढाउने काम गरेको बताए ।

गत अक्टोबर २ मा कतारका अमिरले विशेष समारोहबीच समुद्घाटन गरेको यस वागवानीसम्बन्धी दोहा एक्स्पो २०२३ मा विश्वका ८० मुलुक र १०० भन्दा बढी व्यावसायिक संस्थाहरू सहभागी छन्। एक्स्पोमा नेपाली व्यवसायी संघ कतार, गैरआवासीय नेपाली संघ कतार र नेपाल निर्यात व्यवसायी महासंघको सहयोगमा नेपाली राजदूतावासले सहभागिता जनाएको हो। *रासस*

पृष्ठ १ बाट क्रमशः

## महानिर्देशकले प्रयोग...

वन मन्त्रालयबाट सरुवा भएर उनी अहिले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पशु सेवातर्फका सचिवमा कार्यरत छन् । मन्त्रालयको सचिव हुँदा पनि उनले महानिर्देशकले प्रयोग गर्ने भनिएको कीर्तिपुर फार्मको सरकारी भवन छाडेका छैनन् । बरू उनी आगामी वैशाख २५ गते उमेर हदका कारण अवकाश हुँदै छन् त्यसपछि मात्र क्वाटर छाड्ने मनस्थितिमा पुगेका देखिन्छन् ।

गैरकानुनी रूपमा सरकारी भवन सचिवले लामो समयदेखि उपभोग गर्दै आइरहेको विषयमा कृषि विभागका महानिर्देशक खासै बोल्न चाहँदैनन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरू पनि यस विषयमा खुल्न चाहँदैनन् । महानिर्देशक पद छाडेको तीन वर्षभन्दा बढी समय भइसक्दा पनि महानिर्देशकका रूपमा पाएको सरकारी भवन व्यक्तिगत प्रयोजनमा प्रयोग गरिरहेका पौडेल अहिले कृषि मन्त्रालयमा नै सचिव भएर आएपछि अरूले बोल्ने त आँट गर्दैनन् । सचिवजस्तो उच्च ओहोदामा बसेका पौडेलले सरकारी भवन नियमविपरित कब्जा गरेर बसिरहँदा पनि सरोकारावाला निकाय भने मौन देखिन्छ । सो विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको भए पनि छानविन भने भएको देखिँदैन ।

■■■

## निशानामा अध्यक्षको....

उसो त अध्यक्ष हुन उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र उपाध्यक्ष उर्मिला अर्यालको नाम पनि चर्चामा आएको छ । माओवादी अध्यक्ष दाहालकै भाइ नारायण पनि अध्यक्ष पदको दाबेदार छन् । तर, संवैधानिक पदमा थन्किएर बस्ने रुचि मन्त्री श्रेष्ठको छैन । उनी पार्टीको वरिष्ठ उपाध्यक्षसमेत हुन्। सक्रिय राजनीतिमै रहने चाहनाले उनी अध्यक्ष पदमा उम्मेदवार बन्ने दौडमा नरहेको निकट एक नेताले जानकारी दिए ।

उपाध्यक्ष अर्याल र दाहालको भने पदावधि दुई वर्षमात्रै छ । पार्टी अध्यक्ष दाहाल दुई वर्षेलाई भन्दा पनि छ वर्षे कार्यकाल भएकालाई उम्मेदवार बनाउने पक्षमा छन् । यसले गर्दा अर्याल र दाहाललाई माओवादीले उम्मेदवार बनाउने सम्भावना टरेको देखिएको छ। यसो हुँदा अध्यक्ष पदमा सुवेदी बलिया दाबेदार देखिएका छन् ।

छ वर्षे कार्यकाल भएका माओवादी सांसदहरू सुवेदी र अधिकारी मात्रै होइनन् । गण्डकीबाट निर्वाचित मनरूपा शर्मा, कर्णालीबाट निर्वाचित विष्णु विक र सुदूरपश्चिमबाट निर्वाचित रेणु चन्द पनि छन् । तर, यी तीनै जना सांसद सुवेदी र अधिकारीको तुलनामा कनिष्ट नेता हुन्। जसले गर्दा यी नेताहरूको सम्भावना न्यून रहेको बताइएको छ ।

'हुन त अध्यक्षमा उपाध्यक्ष उर्मिला अर्याल बलिया दाबेदार हुनुहुन्थ्यो । तर, उहाँको कार्यकाल सकिन दुई वर्ष बाँकी छ । सांसदहरू शर्मा, विक र चन्द सुवेदीभन्दा कनिष्ठ नेता हुन् । त्यही भएर सुवेदी करिब कन्फर्म उम्मेदवार हो,' स्रोतको दाबी छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले आजै उम्मेदवार टुंगो लगाउने तयारी गरेको छ । किनभने भोलि (२८ फागुन)मा उम्मेदवारी दर्ता गर्नुपर्ने निर्वाचन कार्यतालिका छ। त्यही भएर कांग्रेसले अध्यक्ष पदको उम्मेदवार तय गर्ने भएको हो।

गत ११ माघमा राष्ट्रिय सभा चुनावअघि कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई अध्यक्ष बनाउने भनेर ह्वीम फैलाइएको थियो । निर्वाचित भएको दिन पत्रकारहरूले 'तपाईं अब राष्ट्रिय सभा अध्यक्ष हुने हो ?,' भन्दै सोध्दा हाँस्दै मुन्टो हल्लाएर हो भन्ने संकेत गरेका थिए । शनिबारमात्रै उनलाई कांग्रेसले राष्ट्रिय सभा संसदीय दलका नेता बनाएको छ ।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेका अनुसार सिटौला नै कांग्रेसको तर्फबाट उम्मेदवार बन्न सक्छन् । कांग्रेसबाट निर्वाचित भएकामध्ये वरिष्ठ नेता सिटौला नै हुन् । उनलाई शान्ति प्रक्रियाका एक जना सूत्रधार मान्ने गरिन्छ ।

फेरि, शान्ति प्रक्रियासँग सम्बन्धित दुईवटा विधेयक पारित गर्ने चरणमा पुगेको छ । यस्तो बेला सिटौलाको भूमिका थप निर्णायक चाहिन सक्ने भएकाले पनि अध्यक्षमा सिटौलालाई कांग्रेसले अघि सार्ने सम्भावना रहेको आंदेम्बेले बताए ।

तर, बागमतीबाट निर्वाचित जितजंग बस्नेत र गण्डकीबाट निर्वाचित किरणबाबु श्रेष्ठ पनि दाबेदार छन् । दुवै नेता उम्मेदवार हुन लबिइङमा छन् । राष्ट्रि सभा अध्यक्षको चुनाव यही फागुन २९ गते (पर्सी) हुँदै छ । हाल राष्ट्रिय सभामा ५८ सदस्य छन् । सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत गर्ने विज्ञको एक सिट रिक्त छ ।

राष्ट्रिय सभामा १८ सांसदसहित माओवादी पहिलो दल हो। माओवादी उम्मेदवारलाई एमाले, रास्वपा र जसपाका मतदाताले मतदान गर्ने छन्। यो गठबन्धनसँग ३९ सांसद छन्। अध्यक्षमा निर्वाचित हुन २९ मत भए पुग्छ। तर, आवश्यकताभन्दा भन्दा १० मत बढी छ । यसले गर्दा माओवादीले बनाउने उम्मेदवार राष्ट्रिय सभा अध्यक्ष बन्ने देखिन्छ।

■■■

## मुख्यमन्त्रीसहित...

कैलालीमा प्रतिनिधिसभातर्फ पाँच र प्रदेशसभातर्फ १० निर्वाचन क्षेत्र छन् ।

## नाउपामा दुई धार, सरकार छाड्न अध्यक्ष श्रेष्ठको निर्देशन

सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी नागरिक उन्मुक्ति पार्टी (नाउपा) भित्र दुई धार देखिएको छ । पार्टीका संरक्षक रेशम चौधरीको निर्देशनबमोजिम नाउपाले थप तीन मन्त्री सरकारमा पठाएको थियो । तर पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले सरकार छाड्न निर्देशन दिएकी छन् ।

संसदीय दलका नेतासमेत रहेका घनश्याम चौधरीले आर्थिक मामिला मन्त्री, खुसीराम चौधरी विनाविभागीय र इन्दिरा गिरीले भूमि व्यवस्था राज्यमन्त्रीको जिम्मेवारी पाएसँगै शपथसमेत लिइसकेका छन् ।

सुदूरपश्चिम प्रदेशसभामा नाउपाका सात सांसद छन्। ती मध्ये घनश्याम, रामेश्वर, खुसीराम र इन्दिरा रेशमको साथमा छन् भने पूर्वकृषि राज्यमन्त्री कैलाश चौधरीलगायतका बाँकी तीन सांसद रञ्जिताको पक्षमा छन् । प्रदेशसभाको यो अंकगणित हेर्ने हो भने रञ्जिता अल्पमतमा देखिन्छिन् ।

मुख्यमन्त्री शाह नेतृत्वको सरकारमा सहभागी नवनियुक्त मन्त्रीहरूले पार्टीभित्र छलफल भएर आफूहरू सरकारमा गएको प्रतिक्रिया दिएका छन् । 'पार्टीमा छलफलपछि मात्रै हामी सरकारमा गएका हौं । जिम्मेवारी बाँडफाँट पनि सकिएको छ । अब हामी काम गर्न थाल्छौं,' विनाविभागीय मन्त्री खुसीरामले भने ।

शपथलगत्तै नवनियुक्त मन्त्रीहरू संरक्षक रेशम चौधरीलाई भेट्न बर्दिया पुगेका थिए । 'संरक्षकज्यूले हामीलाई बोलाउनुभएको थियो । हाम्रो बीचमा छलफल भयो । उहाँले हामीलाई बधाई दिनुभयो,' एक मन्त्रीले भने ।

पार्टीको अध्यक्षमा निर्वाचन आयोगले रेशमलाई वैधानिकता नदिएपछि अहिले पार्टी अध्यक्ष रञ्जिता छिन्। तत्काल सरकारमा सहभागी हुने/नहुने भन्ने विषयमा केन्द्रमा छलफल चलिरहेकै बेला प्रदेशमा मन्त्रीले शपथ ग्रहण गरेपछि पार्टी अध्यक्ष श्रेष्ठले कारबाही गर्ने चेतावनी दिएकी छन् ।

### तयार छैनन् स्वतन्त्र सांसद

मुख्यमन्त्री शाहलाई सत्ता टिकाउन सकस भइरहेको छ । नागरिक उन्मुक्ति सरकारमै रहे पनि उनी सुरक्षित छैनन् । त्यसका लागि उनलाई प्रदेशसभामा रहेका डा. तारा जोशी र राप्रपा सांसद खेमादेवी विष्टको साथ आवश्यक छ । प्रदेशसभामा नेपाली कांग्रेसका १८, नागरिक उन्मुक्तिका सात सांसद छन् । यो संख्या जोड्दा २५ हुन्छ । तर सरकार सञ्चालनका लागि २७ सांसद आवश्यक पर्छ ।

मुख्यमन्त्री शाह अहिले अल्पमतकै अवस्थामा छन् । स्वतन्त्र सांसद र राप्रपाले साथ दिएमात्रै उनले विश्वासको मत पाउन सक्छन् । तर त्यो सम्भावना निकै कम देखिन्छ । स्वतन्त्र सांसद जोशी सरकारमा सामेल हुन तयार छैनन् । 'म यो सरकारको भविष्य देख्दिनँ । सरकारमा सहभागी नागरिक उन्मुक्तिभित्रै विवाद छ। अंकगणितका हिसाबले म निर्णायकजस्तो देखिए पनि म तयार भएर नागरिक सरकारबाट बाहिरिएको अवस्थामा के हुन्छ ? अहिलेको नेतृत्वलाई म पूर्णरूपमा असफल देख्छु । त्यसैले अहिले सरकारमा सामेल हुन म राजी छैन,' जोशीले भने ।

जोशीलाई सरकारमा ल्याउन मुख्यमन्त्री शाहले हरसम्भव प्रयास गरिरहेका छन् । शाहले उनलाई सामाजिक विकास वा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय रोजेर लिन अफर गरेका छन् ।

### केन्द्रको निर्णय कुर्दै राप्रपा

सुदूरपश्चिम प्रदेशसभामा राप्रपाको एक सिट छ। राप्रपाबाट खेमादेवी विष्ट सांसद् छिन् । उनै विष्ट पनि यतिबेला सरकार टिकाउन निर्णायक ठाउँमा छिन् । मुख्यमन्त्री शाहले उनलाई पनि सरकारमा आउन आग्रह गरेका छन् । त्यसका उनलाई पनि मुख्यमन्त्री शाहले सामाजिक र पर्यटनमध्ये एक मन्त्रालय दिन सकिने वचन दिएका छन् । राप्रपा सांसद विष्ट भने केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनको निर्देशन कुरिरहेकी छन् ।

'सरकारमा सामेल हुन आग्रह गरिएको छ। सुदूरपश्चिममा मात्रै नभएर अन्य प्रदेशमा पनि राप्रपा निर्णायक देखिएको छ । केन्द्रीय सरकारका विषयमा पनि छलफल भइरहेकाले अहिले नै निर्णय गर्न सक्ने अवस्था छैन । त्यसैले केन्द्रको निर्णय कुरीरहेकी छु,' विष्टले भनिन् ।

### ढल्न सक्छ सरकार

राप्रपा र स्वतन्त्र सांसदले समर्थन नजनाएको खण्डमा मुख्यमन्त्री शाह नेतृत्वको सरकार ढल्ने निश्चित देखिन्छ । सरकार जोगाउनका लागि मुख्यमन्त्री शाहले उनीहरूलाई रिझाइरहेका छन् । उसो त नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष श्रेष्ठले प्रदेश सरकारबाट बाहिरिन निर्देशन गरिसकेकी छन् । यही अवस्थामा उन्मुक्ति बाहिरिएमा स्वतन्त्र र राप्रपा तयार भएमा पनि मुख्यमन्त्री सुरक्षित छैनन् । नागरिक उन्मुक्तिलाई होल्ड गरी राप्रपा र स्वतन्त्र सांसदलाई फकाउने अन्तिम अस्त्रको प्रयोग मुख्यमन्त्री शाहले गरिरहेका छन् । एक महिनाभित्र शाहले विश्वासको मत लिनैपर्ने हुन्छ । त्यो बेलासम्म नागरिक उन्मुक्ति, राप्रपा र स्वतन्त्र सांसदले साथ दिएको अवस्थामा सरकार जोगिने छ भने त्यो अवस्था सम्भव नभए विश्वासको मत नपाएपछि मुख्यमन्त्री शाहले राजीनामा दिने छन् । त्यसपछि सरकार गठनको अर्को प्रक्रिया सुरू हुने छ ।

■■■

## नेपाल चिनाउन...

अहिले जापानमा रहने नेपाली कुक अथवा वेटरमात्र नभई विभिन्न क्षेत्र तथा ठूला र स्थापित पेसा व्यवसायमा अघि बढिरहेका छन् । जापानमा प्रा.डा. केशवलाल महर्जन, प्रा.डा. नेत्रप्रकाश भण्डारी, प्रा.डा. रमेश पोखरेल, प्रा.डा. प्रमिला न्यौपानेलगायत प्राध्यापनमा संलग्न छन् । स्वास्थ्यदेखि इन्जिनियरिङ, वातावरणका क्षेत्रसम्ममासमेत विद्यावारिधि गर्ने क्रममा नेपाली विद्यार्थी रहेका छन् ।

राजदूत डा. सुवेदी भन्छन्, 'हामीले गौरव गर्नुपर्छ । नेपालीहरू विद्या र बुद्धिको क्षेत्रमा प्रखररूपमा अघि बढिरहेका छन् । नेपाली प्रकृति, संस्कृति, कला र साहित्यको अनुसन्धानमा त्यतिकै समर्पित छन् ।' नेवारी संस्कृतिमा मात्र नभई नेपालका कुना कन्दरामा पुगेर मगर भाषामा विद्यावारिधि गर्ने समेत जापानी नागरिक रहेका राजदूत डा. सुवेदी बताउँछन् ।

'नेपालको प्रकृतिदेखि, कला, संगीत, संस्कार, धर्म र संस्कृतिसम्म अनुसन्धान गर्ने जापानी रहेका छन्,' उनले भने । नेपाल-जापानबीचको अनुपम सम्बन्ध र सहयोगलाई जापानले सदासर्वदा उच्च प्राथमिकतामा राख्दै आएको छ । जापानले नेपालको शिक्षा, स्वास्थ्य, सडक, हवाई, सडक, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा लामो समयदेखि सहयोग पुऱ्याउँदै आएको उनले उल्लेख गरे ।

नेपाल र जापानबीच सन् १९५६ सेप्टेम्बर १ तारिखमा औपचारिकरूपमा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । तर करिब डेढ सय वर्ष अघिदेखि नै दुवै देशबीच सम्बन्ध ऐतिहासिक र प्रगाढ थियो । त्यसअघि सन् १८९९ मा जापानका बौद्ध भिक्षु एकाइ कावागुचीले बौद्धधर्म ग्रन्थको अनुसन्धानका सिलसिलामा नेपालको भ्रमण गरेका थिए ।

राणाकालमा आठ विद्यार्थीलाई खनिज, मेकानिकल, खरखजाना, प्रविधि र कृषिबारे उच्च शिक्षा अध्ययनका लागि जापान पठाइएको इतिहास छ । शैक्षिक हिसाबले त्यो घटना निकै महत्त्वपूर्ण विषय हो । तत्कालीन सरकारले ती विद्यार्थीका लागि खाना पकाउने भान्सेसहित पानीजहाज चढाएर अध्ययन गर्न जापान पठाएको थियो । उनीहरू नेपाल फर्कने क्रममा जापानबाट उन्नत जातको गोदावारी फूल र हलुवावेद नेपाल ल्याएको बताइन्छ ।

नेपाल र जापानबीच दौत्य सम्बन्धको नौ वर्षपछि टोकियोमा नेपाली दूतावास स्थापना भएको हो । त्यसको लगत्तै जापानले काठमाडौंमा आफ्नो दूतावास खोलेको थियो । नेपालका सबै राजनीतिक परिवर्तनलाई जापान सरकार र जापानी जनताले आत्मसात् गर्दै सम्मान र स्वीकार गर्दै आएका छन् । अनुशासित र मेहनती जनता, नवीनतम उच्च प्रविधिको प्रयोग र शान्त कूटनीतिका माध्यमद्वारा अघि बढिरहेको जापान विश्वका सबै मुलुकका लागि आकर्षण र अध्ययनको केन्द्र बनेको छ ।

कुलेखानी जलविद्युत् आयोजना, महाराजगञ्ज शिक्षण अस्पताल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको राडार जडान, रेडियो नेपालको भवन, सिन्धुली-बर्दिवास बिपी राजमार्ग र नागढुंगा सुरुङ नेपालको विकासमा जापानी सहयोगका उदाहरण भएको राजदूत डा. सुवेदी बताउँछन् । कुनै रणनीतिक उद्देश्य नराखी केवल नेपाली जनता र नेपालको आर्थिक तथा सामाजिक विकासलाई केन्द्रित गरी जापानले निरन्तर सहयोग गर्दै आएको उनले बताए । सरकारीसगै जनस्तरमा रही आएको घनिष्ट र प्रगाढ सम्बन्धकै कारण ठूलो संख्यामा नेपाली जापान पुगेका हुन् ।

विदेशी मुलुकमा नेपाली पाठ्यक्रमका आधारमा पठनपाठन हुँदै आएको टोकियोस्थित एभरेष्ट इन्टरनेसनल स्कुलले पनि जनस्तरमा दुई देशबीचको सम्बन्ध विस्तारमा सेतुको काम गरेको छ। त्यस विद्यालयलाई जापानले अन्तर्राष्ट्रियस्तरको विद्यालयको मान्यता प्रदान गरेको विद्यालयका प्राचार्य विष्णुप्रसाद भट्ट बताउँछन् । टोकियोस्थित नेपाली समाजकै अग्रसरमातामा खोलिएको सो विद्यालयमा हाल कक्षा १ देखि १२ सम्म नेपालकै पाठ्यक्रमका आधारमा पठनपाठन भइरहेको छ ।

उक्त विद्यालयले नेपाली भाषा, साहित्य, शिक्षा, वेशभूषा, परम्परा, रहनसहन, कला, संस्कृति र सभ्यतालाई विश्वसमुदायमा पुऱ्याउन योगदान पुऱ्याइरहेको संस्थापक सदस्य एवं विद्यालय सञ्चालक समिति सदस्य भूषण घिमिरेले बताए । विद्यालयमा हाल जापानीसहित ४५० विद्यार्थी अध्ययनरत छन् । टोकियोमा नेपाली पाठ्यक्रमअनुरूप पढाइ हुने विद्यालय सञ्चालन गरी नेपालीपन र नेपाली मन बचाउने कार्यमा नेपाली समाजले गरेको कार्य प्रशंसाणीय रहेको राजदूत डा. सुवेदीले बताए । *रासस*

■■■

## श्रमिकको स्वास्थ्य...

यसरी सूचीकरणमा रहेका स्वास्थ्य संस्थाहरूले एकैपटक तीन वर्षका लागि नवीकरणको सुविधा पाउने व्यवस्था छ । विदेश जाने कामदारको हकमा मन्त्रालयमा सूचीकृत तथा नवीकरण भएकाबाहेक अन्य संस्थाहरूले गरेको स्वास्थ्य परीक्षण मान्य नहुने व्यवस्था छ ।

यसपटक मन्त्रालयले जारी गरेको नवीकरण भएका स्वास्थ्य संस्थाको संख्या भने घटेको छ । यसअघि २१६ वटा स्वास्थ्य संस्थाले व्यावसायिक प्रयोजनका लागि नवीकरण गरेका थिए । मन्त्रालयले उपत्यकामा रहेका १२२ र मोफसलबाट २३ वटा स्वास्थ्य संस्था नवीकरण भएको जनाएको छ ।


**Katari Municipality**
**Office of Municipal Executive**
**Koshi Province, Udayapur**

**Invitation for Bids**

**First Date of publication: 10th March, 2024 (2080/11/27)**

Katari Municipality, Office of Municipal Executive invites Electronics Bids from eligible bidders for the execution of work under National Competitive Bidding given below:

| S.N | Contract ID | Description of work | Estimated Amount in NRs (VAT and PS inclusive) | Bid Document Cost (NRs | Bid security amount NRs | Bid Submission Deadline | Bid validity /Bid Security period | Bidding Process |
|---|---|---|---|---|---|---|---|---|
| 1. | KMUN/W/NCB/10/080/81 | Upgrading of Katari 2-Garash Bhitri Sadak | 23,95,742.93 | 3,000 | 55,000 | 12:00 Hrs on 9th April, 2024 | 90 days / 120 days | Only E-Bid |

For further information, visit Katari Municipality, Office of Municipal Executive or PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Katari Municipality**

# भाषा लोप हुँदा मेटिएको इतिहास खोजी गर्दै कुहूँ

**गलेश्वर (म्याग्दी)-** सिरानमा घना जंगल । जंगलको पुछारमा मालिकादेवीलाई शिरमा राखेर लोप भएको खाम भाषा र मेटिएको इतिहासको झझल्को दिँदै छ म्याग्दीको कुहूँ गाउँले ।

जिल्लाको मंगला गाउँपालिका-१ मा पर्ने यो गाउँ चिटिक्क परेको छ । प्राकृतिक सौन्दर्य र यहाँको ऐतिहासिक महत्त्वले मगर बाहुल्यगाउँमा १७औं शताब्दीको सुरूङमार्ग र तत्कालीन पर्वत राज्यसँग सम्बन्धित किंवदन्ती रहेका छन् । तर यहाँका मगर समुदायले खाम भाषा र लिपिको संरक्षण गर्न नसक्दा इतिहास मेटिएको छ ।

तत्कालीन पर्वत राज्यका राजाले प्रयोग गर्ने गरेको सुरूङमार्ग भेटिएको छ । जिल्लाकै सबैभन्दा पुरानो सुरूङमार्ग भए पनि प्रचारप्रसार र पूर्वाधारको अभावमा सो सुरूङमार्ग ओझेलमा परेको छ ।

बाइसेचौबिसे राज्यअन्तर्गत तत्कालीन समयमा शक्तिशाली मानिएका राजा डिम्ब मल्लले शत्रुसँग सुरक्षित रहन प्रयोग गर्ने गरेको सो सुरूङमार्गको प्रचारप्रसार गरी आवश्यक पूर्वाधारको निर्माण गर्ने हो भने इतिहासका अध्येता र पर्यटकका लागि आकर्षक गन्तव्यस्थल बन्नसक्ने प्रशस्तै सम्भावना रहेको स्थानीय बुद्धिजीवी एवं दीपशिखा मावि कुहूँका भूतपूर्व प्रधानाध्यापक भद्रबहादुर जिसीले बताए ।

उनका अनुसार म्याग्दीको प्रसिद्ध पर्यटकीय एवं धार्मिकस्थल मालिकाको धुरी जाने बाटोमा पर्ने सो सुरूङमार्गको लम्बाइ करिब ५० मिटर रहेको छ । पूर्व-पश्चिम फैलिएको सो सुरूङमार्गको पूर्वतिरबाट प्रवेश गरेर पश्चिमतर्फ ५० मिटरको दूरीमा रहेको मालिका मन्दिरमा निस्कन सकिन्छ ।



गुफाको पूर्वतर्फ करिब ७० मिटरको दूरीमा तत्कालीन कुहूँले राजाको राजधानी रहेको थुमाको अवशेष मात्र बाँकी रहेको छ । गाउँको शिरानमा उच्च स्थानको समथर मैदानमा राजधानी थुमामा काजिला (सानो दरबार) बनाएर तत्कालीन पर्वते राजा बस्ने गर्दथे भन्ने किंवदन्ती रहेको छ । १६.२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँमा दुई हजार ९४२ जनसंख्या रहेको छ । मगरको बाक्लो बस्ती रहेको कुहूँ गाउँ प्राकृतिक, ऐतिहासिक, जैविक र सांस्कृतिक सम्पदाले महत्त्वपूर्ण भए पनि भाषाको अभावमा कैयौं सम्पदा पहिचान गर्न नसक्दा यो गाउँको इतिहास उजागर हुन नसकेको मंगला गाउँपालिका-१ का वडाध्यक्ष एकजित रोकाले बताए ।

'पछिल्लो समय कुहूँ पुर्ख्यौली समाजले आफ्नो भाषा र यसको इतिहासको खोजी गरिरहेको छ, मगर खाम भाषाको लिपिको पनि खोजी हुँदै छ,' वडाअध्यक्ष रोकाले बताए ।

मगर जातिका मगर ढुट, काइसे र खाम गरी तीनवटा भाषा प्रचलनमा रहेका रहेका छन् । म्याग्दीको कुहूँका मगरले खाम भाषा बोल्ने गरेका र अहिले त्यहाँ खाम भाषा लोप भइसकेकाले त्यस क्षेत्रको इतिहासका बारेमा धेरै कुरा बाहिर आउन नसकेको उनको भनाइ छ ।

चिटिक्क परेको बाक्लो बस्ती, खेतीका लागि उर्वर जमिन, प्राकृतिक सुन्दरताले ऐतिहासिक महत्त्वको ठाउँ भएर पनि कुहूँ गाउँ बत्तिमुनिको अँध्यारो नियतिलाई भोग्न बाध्य भएको छ । यहाँ रहेको १७औं शताब्दीको सुरूङ, मालिका देवीको किंवदन्ती, गाउँको शिरानमा रहेको जंगलमा रहेका जैविक सम्पदा, ऐतिहासिक पर्वत राज्यमा कुहूँले गरेको योगदान आदि विषय खाम भाषा र लिपिको अभावका कारण इतिहासको गर्भमा नै रहेका स्थानीय टेक रोकाले बताए ।

उनका अनुसार सुरूङ रहेको स्थानको पूर्वतर्फबाट तामाको सिक्का खसाल्ने हो भने त्यो सिक्का बजेको आवाज तीन मिनेटसम्म सुन्न सकिन्छ । सुरूङ रहेको पहराको शिरानबाट म्याग्दीका अधिकांश गाउँ, हिमशृंखला र वनजंगलको मनमोहक दृश्य देखिन्छ ।

स्थानीय ज्येष्ठ नागरिकका अनुसार सो सुरूङको प्रवेश भाग मालिका मन्दिरको छेउबाट कुखुराको भाले भित्र छिराउने हो भने हालको बेनी नगरपालिका-४, सिंगा तातोपानीमा रहेको प्राकृतिक चिकित्सालय तातोपानी कुण्डको छेउमा रहेको ओढारबाट निस्कने गरेको किंवदन्ती रहेको छ ।

सो सुरूङको भित्रितर्फको मध्यभाग दुईतिर फैलिएको छ । पूर्व-पश्चिम सीधा मार्ग रहेको छ भने सुरूङभित्र तलतिर जाने ओढार पनि रहेको बताइन्छ । सुरूङको प्रचारप्रसार गरी त्यसको ऐतिहासिक महत्त्वका बारेमा बुझाउन र देखाउनसक्ने हो भने सो स्थान म्याग्दीको आकर्षक ऐतिहासिक विरासत बोकेको पर्यटकीय स्थान हुनसक्ने स्थानीय बुद्धिजीवीको भनाइ छ । *रासस*

## महिला दिवसमा ३० महिलालाई सम्मान

**काठमाडौं (प्रस)-** चन्द्रलोक प्रतिष्ठानले ११४औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा समाजमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएबापत ३० जना महिलालाई सम्मान गरेको छ । शुक्रबार एक समारोहबीच उपसभामुख इन्दिरा रानामगरले उनीहरूलाई सम्मान गरेकी हुन् ।

गोरखापत्रका संस्थानबाट प्रकाशित मुना मासिककी सहसम्पादक लक्ष्मी खतिवडा, नेतृ जयन्ती राई, रञ्जु झा र गोकर्णेश्वर नगरपालिकाकी उपप्रमुख सान्नानी लामालगायत सम्मानित भएका हुन् । उक्त अवसरमा नेकपा एकीकृत समाजवादी पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपालमा लैंगिक समानताका लागि थुप्रै ऐन, कानुन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला आयोगकोसमेत व्यवस्था भएको बताए । उनले साहाना प्रधान, मंगलादेवी सिंहलगायतका थुप्रै अग्रज महिला नेतृले नेपाली समाजमा महिलाको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणका लागि उठाएको आवाजको परिणामले समाजमा परिवर्तन आएको धारणा व्यक्त गरे ।

उपसभामुख रानामगरले देशैभरि विभिन्न क्षेत्रमा काम गरिरहेका महिलाहरूलाई सम्मान गरेर हौसला प्रदान गरेको भन्दै प्रतिष्ठानलाई धन्यावाद व्यक्त गरिन् । सो अवसरमा नाटक र विभिन्न सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरियो ।


**युएईमा रोजगार SMOOTH MANPOWER & STAFFING SOLUTIONS** पून: विज्ञापन
पुर्व स्विकृति मिति: 2023.11.21 चलानी नं. ६०२१०२७४ LT No. 295122

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाइम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 13 | 0 | काममा दक्ष | 1100 | 39578 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 10 | 0 | | 1100 | 39578 | | | | | | | |
| 3 | Brick Layer | 04 | 0 | | 1100 | 39578 | | | | | | | |
| 4 | Building Labourer | 07 | 0 | | 900 | 32382 | | | | | | | |
| 5 | Painter | 07 | 0 | | 1100 | 39578 | | | | | | | |
| 6 | Painter Assistant | 10 | 0 | | 1100 | 39578 | | | | | | | |
| 7 | Carpenter | 07 | 0 | | 1100 | 39578 | | | | | | | |
| 8 | Electrician | 06 | 0 | | 1100 | 39578 | | | | | | | |
| 9 | Cleaner | 10 | 0 | | 900 | | | | | | | | |
| 10 | Plumber | 10 | 0 | | 1100 | 39578 | | | | | | | |
| 11 | Tile Layer | 05 | 0 | | 1100 | 39578 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ता: जनकपुरमा २०८० चैत्र ४ गते (17 March 2024) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/२७ गते)

श्री पन्ना लाल चौरडियाको छोरा/छोरी, लक्ष्मी देवी चौरडियाको पति, सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालीका वडा नं. ०९ स्थायी बसोबास भई हाल सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी वडा नं. ०९ घर भएका अशोक कुमार चौरडिया मिति २०८०/०१/१५ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको बचत खाता, खाता नं. ००२०००२८६५५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको पत्नी, लक्ष्मी देवी चौरडियाकाले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक/निवेदिका बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगर हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय विराटनगर, मोरङ फोन नं. ०२१-५७७१०१

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/२७ गते)

मंगल दास महर्जनको नाती, मंगल महर्जनको छोरा, मिना अवालेको पति ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ०६ बस्ने श्री रमेश महर्जनको मिति २०७९/०६/२७ मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको चल्ति खाता नं. ०१३००१०३११५००००१ र बचत खाता नं.०६६००२३९४९७००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको श्रीमती ले यस बैंक को शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय लालदरबार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय लालदरबार, काठमाडौं फोन नं. ०१-५३३३०४५

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/२७ गते)

श्री गणेश बहादुर कार्कीको छोरा/छोरी, रत्न कुमारी कार्कीको पति, मोरङ्ग जिल्ला, सुन्दरहरैंचा वडा नं. ०१ स्थायी बसोबास भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ०१ घर भएका झपट बहादुर कार्कीको मिति २०८०/०८/१४ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको बचत खाता, खाता नं. ००२०००३०५९३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको पत्नी, रत्न कुमारी कार्कीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक/निवेदिका बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय विराटनगर, मोरङ फोन नं. ०२१-५७७१०१

## Naraharinath Rural Municipality
**Office of the Rural Municipal Executive**
**Kumalgaun,Kalikot**
**Karnali Province,Nepal**

## Invitation For Bids

**First Date of Publication: 2080/11/27(10th March, 2024)**
**Bid Opening Date: 2080/12/27(9th April,2024),13:00PM**

1. Naraharinath Rural Municipality office,Kumalgaun ,Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Work Description / Name of Project | Estimate Amount With VAT, (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | NNRM/NCB/ SNRCWP/08/ 2080/01 | Sainekhola to Nuwadevmandu Road Construction Work (Packeg2) | 7988001.966 | 200000 | 120 Days | 3000 | 2080/12/27 (9th, April,2024), 12:00PM |

2. Eligible Bidders may obtain further information at the office of Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun,Kalikot , Mobile No:-9841047572 Or may visit PPMO e-GP Systemwww.bolpatra.gov.np/egp.
3. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of Bank : Agricultural Development Bank Ltd.Name of Office:- Naraharinath Rural Municipality Office ,Kumalgaun ,KalikotOffice Code no :- 801066505Type of Account :- ga 1-1Internal Revenue Account no :- 0726001574672223
4. Pre bid meeting shall be held at Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot at 12 noon 2080/12/18,(March 31, 2024.)
5. Electronic bids must be submitted to Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot through PPMO website www.bolpatra.gov.np/egp. On or before 2080/12/27(9th April, 2024), 12:00PM.
6. Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/12/27(9th April,2024), 13:00PM at Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot . If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 0726001574672096 ,Naraharinath Rural Municipality office on Name of Bank Agricultural Development Bank Ltd.and submit bank deposit voucher along with the bid.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.

**Act. Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# क्षेत्रीय दललाई प्रभावी बनाऊ

भारतमा जसरी नेपालको प्रादेशिक तहमा क्षेत्रीय दलहरू प्रभावी छैनन् । केन्द्रीय राजनीतिमा प्रभावशाली रहेका दलहरूकै दबदबा प्रदेश तहमा छ । परिणामतः केन्द्रीय राजनीतिमा आएको उथलपुथलको सीधा प्रभाव प्रदेश तहसम्मै पर्छ । यदि, केन्द्रमा सरकार ढल्यो भने प्रदेश सरकारहरू पनि स्वतः ढल्छन् । यसले प्रदेशमा अस्थिरता निम्त्याएको छ । सत्ता ढाल्ने र बनाउने खेल चलेको छ । यतिसम्म कि सांसद 'किनबेच' नै हुने घटना भइसकेको छ । संसदीय प्रणालीकै सर्वाधिक निकृष्ठ गतिविधि हो यो ।

र, यतिबेला कांग्रेस–माओवादीसहितको केन्द्रीय गठबन्धन भत्केर एमाले–माओवादीको बनिसकेको छ । सरकारसमेत पुनर्गठन भइसकेको छ । अब प्रदेश सरकारहरू पुनर्गठन हुन बाँकी छ । यसले जनतामा राजनीतिप्रति आक्रोश थप्नेबाहेक केही हुँदैन । जुन ठीक होइन ।

गत भदौमा संघीयताविज्ञ प्रा.डा. महेन्द्रसुन्दर लावतीले देशको पूर्वी क्षेत्रको प्रदेश कोशीमा 'कोशी' नाम खारेजीको आन्दोलनमा रहेका पहिचान पक्षधरहरूलाई शक्तिशाली क्षेत्रीय दल बनाउन अग्रसर हुनका लागि प्रेरित गरेका थिए । उनले त्यसबेला भनेका थिए, 'प्रदेश तहमा राजनीतिक स्थायित्वका लागि भए पनि क्षेत्रीय दलको आवश्यकता छ । जुन संघीयता कार्यान्वयनका लागि जरुर छ ।'

त्यसबेला उनले भारतमा क्षेत्रीय दलहरू बलिया भएकै कारण संघीयता सफल भएको बताएका थिए । नेपालमाचाहिँ केन्द्रीय दलहरू नै हाबी हुँदा जहिल्यै प्रदेश सरकार पनि अस्थिरताको भूमरीमा पर्ने गरेको भन्दै चिन्ता प्रकट गरेका थिए । त्यस्तो बेला संघीयताविरोधीहरू झन् सल्बलाउने उनको विश्लेषण थियो । नभन्दै यतिबेला प्रदेश तहमाथि नै सर्वाधिक प्रश्न उठेको अवस्था छ । परम्परावादी शक्ति राप्रपादेखि नयाँ र वैकल्पिक शक्ति भनिएको रास्वपासम्म प्रदेश तह विरोधी कित्तामा उभिएका छन् ।

यसले गदा प्रदेश तहमा एजेण्डामा आधारित क्षेत्रीय दलहरू खडा गर्नुपर्ने देखिएको छ । जसरी भारतको सिक्किम राज्यमा पिएस गोले नेतृत्वको सिक्किम क्रान्तिकारी मोर्चा बलिया क्षेत्रीय शक्तिको रूपमा स्थापित छ । यसअघि भने त्यहाँ पवन चाम्लिङ नेतृत्वको सिक्किम डेमोक्रेटिक फ्रन्ट शक्तिशाली थियो । भारतको अन्य प्रदेश तहमा पनि त्यहाँका क्षेत्रीय दलहरू प्रदेश सत्तामा हाबी छन् । त्यही भएर भारतको प्रादेशिक राजनीतिमा स्थिरता छ । सरकार संसद्को पूरै कार्यकाल टिकेको छ । जुन क्षेत्रीय दलहरू बलशाली हुँदाको परिणति हो । जसकारण नेपालमा पनि हरेक प्रदेशका क्षेत्रीय दलहरूलाई जनताले प्रोत्साहन गर्न आवश्यक छ । तर, नेपालको सन्दर्भमा भने क्षेत्रीय दलहरूप्रति नकरात्मकता फैलाइएको छ । जसले गर्दा क्षेत्रीय दलहरू फस्टाउने अवसर भएन ।

## मननयोग्य

### चाणक्य नीति

'पराजित भई दयास्वरूप मित्रता गर्नु र प्राथको भीख माग्नुमा कुनै अन्तर छैन महोदय तात्पर्य जान्नुहुन्छ एउटा वीर पुरुष प्राणका भीख कहिल्यै पनि माग्दैन', सेल्युकसले विक्षुब्ध भावने भन्यो ।

जयपराजय त चल्दै रहन्छ, जीवनमा कुनै राम्रो काम गर्दा हार नै पनि यसको भागी बन्छ, तर निन्दित विचारले भएको जयले पनि अपयश नै दिन्छ, एउटा राजाको राज्य विस्तार राम्रो कुरा हो, तर निरीह व्यक्तिको हत्या गरेर उनीहरूका रगतले मिनी बनेको राजाको के सुखकारी हुन्छ ? तपाई नै भन्नोस् के पाइयो नरसंहार गरेर ? के आत्माले शान्ति पायो ?

'आउनुहोस् गला लगाएर मित्रताको अमृतपान गर्नोस् जसले परमशान्ति मिल्छ', शान्त भई सम्झाउँदै चाणक्यले भने । तपाईका सबै कुरा ठीक छन् ! महात्मन् । तर एउटा पराजित राजाबाट तपाई कस्तो मित्रताको अपेक्षा राख्नुहुन्छ ? मैले सम्किन सकिनँ । तपाई त के चाणक्यलाई कसैले पनि धबुझ्न सक्तैन आउनुहोस्, केही आफ्ना कुरा गरौं अनि तपाईलाई सोच्ने अवसर पनि प्राप्त हुनेछ । राम्ररी सोचेर उत्तर दिनुहवस् ।

यसरी सेल्युकससँग भित्री कुरा गर्न सभा भवनदेनि अलग्गै चाणक्यले लगे । त्यहाँ सेल्युकसँग अर्थपूर्ण मुद्रामा भन्न लागे-'पर्याप्त विचार-विमर्शपछि यो प्रस्ताव तपाईसमक्ष राख्दैछु सम्राट, चन्द्रगुप्त र तपाईकी छोरी हेलनमा वैवाहिक बन्धनको टुसा पलाइसकेको छ । दुवै एकअर्कामा आकषित हुन्छ, तर दुवैले आफ्ना मर्यादाको बन्धनमा बाँधिएका कारण आफ्नो प्रेमको कुरा भन्न सकेका छैनन् । ही यो प्रेमलाई परिणय (अर्थात् विवाहमा) परिणत गरौं ।

तब युनान र भारतको यस्तो भावना र सम्बन्ध बाँधिन्छ जुन तोड्न कसैबाट सम्भव हुँदैन र इतिहासमा यो सधैं यादगार ...भइरहन्छ....मैले आफ्नो कुरा तपाईलाई भने अब निर्णय तपाईको । तपाई आफ्नी छोरीसँग पनि राम्रोसँग सलह गर्नुहोस्, त्यसपछि तपाईको स्वागत छ ।

. . . . . . यसरी सेल्युकस यी महापुरुषको यस्तो दूरदर्शी प्रस्तावको रहस्यमा डुब्दै अतिगृहतर्फ लागे जहाँ राजकीय सम्मानसहित उनलाई र उनकी छोरीलाई राखिएको थियो ।

सेल्युकसमा अतिथिगृहमा पस्नासाथ देखे-छोरी रोइरहेकी छन् । उनलाई सान्त्वना दिन उनको शिरको चुम्बन सारा गर्दै भने- 'यत्रो रक्तपात भयो । हामीले के पायौं, आज म बन्दी छु । त्यो त धन्य छ यो देश, जो ुश्मनका साथ अतिथिजस्तो व्यवहार गरिरहेको छ ।

छोरी ! म तिमीसँग एक कुरा सोध्छु, सङ्कोच नगरी उत्तर देऊ । म आफैं निर्णय गर्ने स्थितिमा छैन । म चाहान्छु जो उत्तर दिन्छौ सोचेर देऊ । क्रमशः

# सोचमा परिवर्तन आवश्यक



▶▶ नम्रता शर्मा

"अन्तर्राष्ट्रिय महिला दिवसले महिलावादी आन्दोलनलाई एक रफ्तार त अवश्य पनि दिन सफल भएको छ तर वास्तविकता यो पनि हो कि यो दिवस मनाउन थालिएको एक शताब्दी बितिसक्दा पनि अझै महिलाले अमानवीय व्यवहार भोग्न परिरहेको छ । नेपाललगायत विश्वका धेरै मुलुकहरूमा अब त महिलाको मानवअधिकार सुनिश्चित हुने प्रसस्तै ऐन कानुन बनिसकेका छन् तर अफगानिस्तानजस्ता मुलुकहरु पनि छन्, जहाँ महिलाको आधारभूत हक अधिकार सबै वञ्चित गरिएको छ ।

'मेरो बुबाले मेरो मानसिक असन्तुलन भएको आमा र म जस्तै फरकरूपमा सक्षम (अपांगतासँग रहेको) मेरो बहिनी र मलाई बेघर गरिदिनुभयो । मामाघरमा बसेर पढाइ लेखाइ गरेर काम गर्न सक्षम भएपछि आफ्नो परिवारलाई धान्न सरकारी विद्यालयमा पढाउन थालें । हाम्रो नेपालको संविधानले दिएको प्रावधानमार्फत मेरो फरक सक्षमता अनुसार नियमित जागिर पाउन आवेदन गरें तर विभिन्न कारणवश नेपाल सरकारको म जस्ताको लागि भएको प्रावधान पनि मैले पाउन सकिनँ । अब मेरो संरक्षण कसले गर्ने ?' सोध्छिन् मधेस प्रदेशको एक अपांगतासँग रहेकी एक नेपाली छोरी ।

सन् २०२४ मा सारा संसारभरि नै हरेक वर्षझैं मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवस मनाइयो । यस्तो सन्दर्भमा हामीले नेपालका कयौं यस्ता छोरीहरू, जसको शिक्षा, स्वास्थ्यलगायतका मानवअधिकार छिनिएको छ, उनीहरूको पीडालाई बुझ्न आवश्यक छ । अफगानिस्तानलगायत संसारभरिकै ती मानव, जसले लिंग र लैंगिकताको आधारमा अझै पनि अनेकौं मानवअधिकारको उल्लंघन भोग्न बाध्य भएका छन्, उनीहरूलाई सम्झन जरुरी छ ।

अहिलेको युग भनेको मानव सभ्यताको चरम सीमामा पुगेको युग मानिन्छ तर अझै पनि मानिसले मानिसलाई रङ, रूप, धन, धर्म, शक्ति, लिंगलगायत विभिन्न कारणको आधारमा भेद्भाव गरिँदै आएका छन् । किशोरी, महिला र यौनिक अल्पसंख्यकमा पर्ने व्यक्तिहरू र त्यसमा पनि अपांगतासँग बाँच्नेहरूले यस्ता भेद्भाव झनै धेरै भोग्नपर्छ । नेपाल प्रहरीले प्रकाशित गरेको तथ्यांकअनुसार पछिल्लो दशकमा नेपालमा किशोरीहरू र महिलाहरूको विरुद्ध हिंसाको मामिला धेरै बढेको छ । पछिल्लो दशकमा नेपाल प्रहरीको तथ्यांकअनुसार १७ हजार ७९० महिला र किशोरीलाई बलात्कार गरिएको छ । वर्षभरि बलात्कारको मामिला २० प्रतिशतले बढेको छ ।

विश्वकै आँकडा हेर्ने हो भने विश्व स्वास्थ्य संगठनका अनुसार घनिष्ट सम्बन्धका आफन्तबाट हुने महिलाविरुद्धको हिंसा विशेषगरी यौनहिंसा एक ठूलो जनस्वास्थको मुद्दा हो । साथै, महिलाको मानवअधिकारको उल्लंघन पनि । संगठनका अनुसार विश्वभरि नै तीन जना महिलामा एक जना अर्थात् ३० प्रतिशत महिला आफ्नो जीवनभरमा शारीरिक र यौनहिंसाको सिकार भएको पाइन्छ । धेरैजस्तो यी हिंसाका घटना घनिष्ट सम्बन्धका आफन्तबाट नै भएको हुन्छ । यस्ता हिंसाले महिलाको मानसिक, शारीरिक, यौनिक र प्रजनन् स्वास्थमा नकारात्मक असर पार्छ । यसको साथै आजको आधुनिक अपराध भनेको साइबर अपराध हो । यसमा पनि ९२ प्रतिशतभन्दा बढी सिकार महिला भएका छन् ।

अन्तर्राष्ट्रिय महिला दिवस महिला श्रम आन्दोलनको नतिजा हो, जुन अब संयुक्त राष्ट्रसंघको वार्षिक कार्यक्रम बनेको छ । सारा संसारभरि नै संयुक्त राष्ट्रमा आबद्ध देशहरू, सरकारी र गैरसरकारी संघ संस्था सबै मिलेर मार्च ८ मा किशोरी र माहिलाको हक अधिकार सुनिश्चित गर्न आवाज उठाउने गरिएको छ । सन् १९०८ मा १५ हजार महिलाले अमेरिकाको न्युयोर्क सहरमा जुलुस निकालेर महिलाहरूका लागि कारखानालगायत कार्यक्षेत्रमा छोटो कार्य समय, राम्रो तलब र मतदानको अधिकारका लागि पहिलोपटक संयुक्त रूपमा आवाज उठाएका थिए । त्यसको एक वर्षपछि अमेरिकाको समाजवादी पार्टीले पहिलोपटक राष्ट्रिय महिला दिवसको घोषणा गऱ्यो ।

सन् १९१० मा क्लारा जेटकिन, जर्मन राजनीतिज्ञ र महिला अधिकारकर्मीले कोपेनहेगनमा श्रमिक महिलाहरूको अन्तर ाष्ट्रिय सम्मेलनमा यस दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउन माग उठाउनुभयो । त्यतिबेला त्यहाँ १७ देशका १०० महिला सहभागी थिए र उनीहरूले सर्वसम्मतिले यो प्रस्तावको समर्थन गरे । पहिलो अन्तर्राष्ट्रिय महिला दिवस सन् १९११ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीजरल्याण्डमा मनाइयो । सन् १९७५ देखि संयुक्त राष्ट्रले यो दिवस मनाउन थाल्यो । त्यसपश्चात् अन्तर्राष्ट्रिय महिला दिवस एक यस्तो दिन बनेको छ जुन दिन उत्सवको रूपमा महिलाको सामाजिक, राजनीति र अर्थशास्त्रमा कहाँसम्म पहुँच बढेको छ भनेर मापन गरिन्छ र महिलाको मानवअधिकार सुनिश्चित गर्ने योजनाहरू बनाइन्छ । यसदिन संसारभरि नै लैंगिक भेद्भावविरुद्ध कार्यक्रम, जुलुस र धर्ना गरिन्छ ।

सन् १९१७ को विश्व युद्धका बेलामा रसियन महिलाले युद्धको अन्त्य र शान्तिको स्थापनाको माग गर्दै हडताल गरेका थिए । चार दिनको हडतालपछि तत्कालीन जारले गद्दी त्याग गर्न बाध्य भएका थिए र त्यतिबेलाको अस्थायी सरकारले महिलालाई मतदानको अधिकार दिएको थियो । त्यतिबेलाको सो महिला आन्दोलनको मिति थियो मार्च ८ र त्यही आधारमा मार्च ८ अन्तर्राष्ट्रिय महिला दिवसकारूपमा स्थापना भयो । नेपालमा पनि यस दिनलाई अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ । यो दिन महिलाका लागि नेपाल सरकारले बिदा पनि घोषणा गरेको छ ।

अन्तर्राष्ट्रिय महिला दिवसले महिलावादी आन्दोलनलाई एक रफ्तार त अवश्य पनि दिन सफल भएको छ तर वास्तविकता यो पनि हो कि यो दिवस मनाउन थालिएको एक शताब्दी बितिसक्दा पनि अझै महिलाले अमानवीय व्यवहार भोग्न परिरहेको छ । नेपाललगायत विश्वका धेरै मुलुकहरूमा अब त महिलाको मानवअधिकार सुनिश्चित हुने प्रसस्तै ऐन कानुन बनिसकेका छन् तर अफगानिस्तानजस्ता मुलुकहरू पनि छन्, जहाँ महिलाको आधारभूत हक अधिकार सबै वञ्चित गरिएको छ । जहाँ कानुनले हक अधिकार सुनिश्चित गरेको छ, त्यहाँ पनि संविधान र ऐन कानुनले दिएको हक अधिकार पाउन अझै सजिलो भने छैन ।

यसपालिको मार्च ८ को नारा समावेशीकरणलाई प्रेरित गर्नुहोस् भन्ने रहेको छ । विश्वभरि नै जति आन्दोलन गरे पनि पहुँच नपुगेका व्यक्तिहरूको पूर्णरूपमा समावेशीकरण भने हुन सकेको छैन । पितृसत्तात्मक र सामन्ती प्रथाको सोचको हाबी अझै पनि संसारभरि नै छ । यो सोचको अन्त्य नभएसम्म लिंग, रङ, आदिको आधारमा हुने असमानताको अन्त हुन गाह्रो छ । तर निरास हुनुभन्दा अहिलेसम्मको उपलब्धि के-के हुन् हेरेर त्यसको आधारमा नेपाल सरकार र नागरिक समाजले अब नयाँ रणनीति लिनुपर्छ ।

१२ कक्षा सकाएर बालबालिका विद्यालय छोडी उच्च शिक्षा हासिल गर्न या रोजगारीमा लाग्नुअघि उनीहरूलाई आफ्नो अधिकार कसरी सुनिश्चित गर्ने र आफ्नो वरिपारि हुने सबैको अधिकारको सम्मान गर्ने शिक्षा दिन जरुरी छ । जुन लिंग, जात, वर्ण, समुदाय, धर्म, सामाजिक, आर्थिक, राजनीतिक वर्गमा परे पनि सबै मानव एक समान हुन् भन्ने विश्वभरि मान्यता समान हुन आवश्यक छ ।

कोभिड-१९ को महामारीले मानव संस्कारमा हिंसा कति गहिरो छ भनेर प्रस्ट पारेको छ । गहिरो संरचनात्मक असमानताहरू त्यतिबेला प्रस्ट देखियो । श्रमबजारमा महिलाहरूको सहभागितामा दशकौंको प्रगति उल्टाइयो, चरम गरिबीमा बस्ने महिलाहरूको संख्या बढ्यो, र बेतलबी हेरचाह र घरेलु कामको बोझ बढ्यो, यी सबैले वर्षौंदेखि महिलावादी आन्दोलनले गरेको उपलब्धिमै नकारात्मक असर पार्न सफल पनि भयो । युएन वुमेनले महामारीमा महिला हिंसा बढेको भनेर यसलाई महामारीकै एक अंशको दर्जा दिएको छ । महामारीले विपन्न जाति समुदायका किशोरीको पढाइमा भएको उन्नतिमा पनि नराम्रो असर पारेको छ । विभिन्न सरकार र संघसंस्थाले गरेको किशोरी शिक्षामा भएको प्रगतिमा महामारीले असर पार्नु पनि संरचनात्मक असमानताको एक उदाहरण हो । मार्च ८ मा महिलाले मानव सभ्यताका लागि गरेको योगदानको कदर गर्दै यो दिन मानवअधिकारको सुनिश्चित गर्ने एक अभिन्न अभियान हो भन्ने आत्मसात गर्न पुरुष र महिला सबैले जरुरी छ । *रासस*

## पत्र-मञ्जुषा

# कांग्रेस–एमाले मिलेर सरकार चलाऊ

पञ्चायती व्यवस्थाविरुद्ध मुलुकमा पटकपटक आन्दोलन भयो । आन्दोलनका क्रममा धेरै जनता जेल बसे, सहिद भए । २०४६ सालमा ठूलो जनआन्दोलन भयो । जसले पञ्चायती व्यवस्था ढालेरै छोडचो र बहुदलीय व्यवस्था आयो । बहुदलीय व्यवस्था चाहिन्छ भन्ने अधिकांश राजनीतिक दलका नेताहरू जेलमा थिए ।

सो जनआन्दोलनपछि उनीहरू छुटे । २०४७ सालमा संविधान बन्यो । त्यसपछि पनि सूर्यबहादुर थापा र लोकबहादुर चन्द नै प्रधानमन्त्री भए । जबकी पञ्चायती व्यवस्थामा पनि यिनीहरू प्रधानमन्त्री थिए । व्यवस्थामा परिवर्तन भयो, तर नेतृत्व सम्हाल्नेको अनुहार भने उही ।

यो किन भयो ? राजनीति सकिसकेका उनीहरू बहुदलीय व्यवस्थामा पनि प्रधानमन्त्री बन्नुको कारणचाहिँ राजनीतिक दलको किचलो हो । नेपाली कांग्रेस र नेकपा एमालेको आपसी मनमुटावको फाइदा उनीहरूले उठाए । वर्तमान राजनीतिक अवस्था पनि ठ्याक्कै योसँग मिल्दोजुल्दो छ ।

२०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा कांग्रेस पहिलो र एमाले दोस्रो दल बन्यो । माओवादी त तेस्रो नम्बरमा छ । कांग्रेसले ८९, एमालेले ७८ र माओवादीले ३२ सिट ल्याएको छ । तर, कांग्रेस र एमाले मिलेनन् । जसको फाइदा माओवादीले उठाइरहेको छ ।

सरकार बनाउन १३८ जना सांसद चाहिन्छ । जबकि कांग्रेस र एमाले मिल्दा १६७ सांसद हुन्छ । माओवादी त दूरदराजमा पनि देखिँदैन । यद्यपि, ३२ सिट ल्याएको पार्टीकै अध्यक्षले देशको नेतृत्व सम्हालिरहेका छन् । जसलाई जनताले पत्याएनन्, उसलाई पार्टीले पत्याएपछि के गर्ने ?

२१ सिट ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गृहमन्त्री खाइरहेका छन् । १० सिटमै सीमित भएको नेकपा एकीकृत समाजवादी पार्टीको दुई नेताले मन्त्री पाएका छन् । उपेन्द्र यादवको जनता समाजवादी पार्टीले १२ सिट ल्याएको छ । सो पार्टी पनि सरकारमा जाने भएको छ ।

जनताले नपत्याएका भएभर मिलेर सरकार गठन गरेका छन् । टुक्राटुक्रा जोडेर सरकार बनेको छ । कांग्रेस र एमालेलाई पाखा लगाएर पुष्पकमल दाहालले प्रधानमन्त्री र लामिछानेले गृहमन्त्री खाएका छन् । जसपा र एकीकृत समाजवादीले महत्त्वपूर्ण मन्त्रालय लिएका छन् । पदका लागि हानाथाप चलिरहँदा देशको अवस्था कसले हेर्छ ?

सबैलाई मन्त्री खान पाइन्छ कि पाइँदैन ? भन्नेमात्र छ । सरकारमा जुनसुकै पार्टी गए पनि जनताको समस्या समाधान भएको होइन । दाहाल आएको १४ महिना भयो । तर, यो अवधिमा के भयो ? अर्थतन्त्र डामाडोल अवस्थामा छ । विडम्बना, पार्टीहरू सत्ताको खेलमै केन्द्रित छन् ।

हरेक क्षेत्रमा समस्या देखिएको छ । आर्थिक मन्दीका कारणले व्यापार व्यवसाय धरासायी बनेको छ । कम्पनी, फर्महरू धमाधम बन्द भइरहेका छन् । लाखौं नेपाली रोजगारविहीन बनेका छन् । पसल थापेर गुजारा गर्दै आएकाहरू विदेश पलायन हुन बाध्य भएका छन् । देश छोड्नेको संख्या दिनप्रतिदिन बढ्दै छ ।

राजनीतिक दलप्रति आमनागरिकको असन्तुष्टि बढ्दै गएको छ । जनतामा निराशा छाएको छ । तर, राजनीतिक दलहरूलाई मतलब छैन । जनताले देश चलाउने जिम्मा कांग्रेस र एमालेलाई दिएको हो । माओवादी, एकीकृत समाजवादी, जसपा, रास्वपालाई जनताले देश चला भनेका त होइनन् ।

जनताको मतलाई पाखा लगाएर साना दलहरूले एकै ठाउँमा गाँसिएर सरकार बनेको छ । जसका कारण राजनीतिक किचलो धेरै भएको छ । यस्तो पाराले कसरी देश विकास हुन्छ ? सबै पार्टीको फरक-फरक धारणा छ अनि कसको सुन्ने ? र के गर्ने ? भन्ने हुन्छ । सत्ता टिकाइराख्ने यो खेलले देश विकास हुन दिँदैन ।

जनता अहिले अप्ठेरो अवस्थाबाट गुज्रिरहेका छन् । मन्दीले सबैलाई समस्यामा पारेको छ । यो हेर्न छोडेर राजनीतिक दलहरू सरकारमा जान हारालुछ गरिरहेका छन् । २०६४ सालको निर्वाचनमा माओवादी पहिलो पार्टी बनेको थियो । चैत २८ गते भएको चुनावमा माओवादीका उम्मेदवार १२१ सिटमा प्रत्यक्ष निर्वाचित भएको थियो ।

थोरै मतान्तरले केही स्थानमा हारेका थिए । त्यही पार्टी आज ३२ सिटमा खुम्चिएको छ । पाँच दल गठबन्धन गरेर माओवादीले त्यति ल्यायो । माओवादी एक्लै चुनावमा भिडेको भए, दुई सिट पनि जित्दैनथ्यो । माओवादीको नारायणमान बिजुक्छेंको मजदुर किसान पार्टी र चित्रबहादुर केसीको राष्ट्रिय जनमोर्चाजस्तै हाल हुन्थ्यो ।

चुनावले नै माओवादी जनताको नजरबाट गिरिसकेको पुस्टचाइँ गरेको छ । तर, त्यही पार्टीका अध्यक्षले देश चलाइरहेका छन् । ठूला पार्टी भएर के गर्ने, सोच्न सक्ने दिमाग नभएपछि । जनताले कांग्रेस र एमालेलाई प्रश्न गरिरहेका छन्, 'तपाईंहरूले नसकेर ३२ सिट ल्याएको माओवादीलाई देश चलाउने जिम्मा दिएको हो ?'

दुईटा पार्टीमात्रै मिले भने पनि यो अहिले देखिएको राजनीतिक किचलोको अन्त्य हुन्छ । वर्तमान टुक्रे सरकारबाट एउटा पार्टीमात्रै छुटचो भने फेरि भताभुंग हुन्छ । राजनीतिक दललाई खुसी पार्दै र सरकार बनाउँदै समय बित्छ, अनि जनताको समस्याचाहिँ कसले हेर्छ ? बरु एमालेलाई प्रधानमन्त्री दिएर हुन्छ कि कांग्रेस सरकारमा जानुपऱ्यो ।

पहिलो पार्टीले प्रतिपक्षमा बस्छु भन्न मिल्छ ? साना पार्टीले देशलाई गन्तव्यमा पुऱ्याउन सक्दैन भन्ने कुरा सबैले बुझिसकेका छन् । दाहाल त यता मिलेर हुन्छ कि उता टाँसिएर, आफू प्रधानमन्त्री खाइरहने दाउमा छन् । दाहाललाई तह लगाउन दुईटा दल (कांग्रेस-एमाले) एकजुट हुनुको विकल्प छैन ।

*– अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**महाशिवरात्रिको भेटी चार लाख**

म्याग्दीको बेनी गरपालिका-९ स्थित गलेश्वर मन्दिरमा महाशिवरात्री पर्वमा दर्शन र पूजाका लागि आएका भक्तजनले चढाएको भेटी शनिबार बिहान गर्निंदै । यस वर्षको महाशिवरात्री पर्वमा २५ हजार जनाले दर्शन र पूजा गरेकामा चार लाख २९ हजार ३८८ रूपैयाँ भेटी संकलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जानकारी दिएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# कालीगण्डकी करिडोरमा पुनः सुक्खा पहिरो, सडक अवरूद्ध

**बलेवा (बागलुङ)**- सुक्खा पहिरोका कारण शनिबार दिउँसोदेखि कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी सडकखण्ड अवरुद्ध भएको छ । बागलुङ र गुल्मी जिल्लाको सिमानामा पर्ने गुल्मीको कालीगण्डकी गाउँपालिका वडा नं ६ बरलवाको भिरमा भीषण पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

पहिराले बागलुङ-गुल्मी खण्डअन्तर्गत मालढुंगा-अर्वेनी सडक पूर्णरूपमा अवरुद्ध बनेको छ । यसअघि यही फागुन ११ गते राति खसेको सुक्खा पहिरोका कारण करिडोर एक साता बन्द भएको थियो ।

बागलुङको मालढुंगाबाट गुल्मीको अर्वेनीसम्म ४४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ । काम चलिरहेकै बेला शनिबार एक्कासि पहाड खसेपछि सडक अवरुद्ध भएको र काम रोकिएको निर्माण कम्पनी कालिका कन्ट्रक्सनका इन्जिनियर छकबहादुर गुरुङले बताए ।

'पटक-पटक पहाड खस्दा काम गर्न निकै कठिन भइरहेको छ,' गुरुङले भने, 'यसपटकको चट्टान पनि एक सातामा फोडेर सकिनेजस्तो छैन ।' पहिरोको विषयमा कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पालाई जानकारी गराइएको उनले बताए ।

सडक अवरुद्ध भएकाले करिडोर हुँदै लामो तथा छोटो दूरीका सवारी आवागमनमा समस्या भएको प्रहरीले जनाएको छ । सडक अवरुद्ध भएका कारण जिल्ला सदरमुकाम बागलुङ बजार र दक्षिण जैमिनी र बरेङ गाउँपालिकाबाट बुटवललगायतका ठाउँमा चल्ने सवारीसाधन रोकिएका छन् । भिरालो जमिन रहेको उक्त स्थानमा बेला-बेलामा सुक्खा पहिरो जाने गरेको छ । *रासस*

# बाढीबाट जोगाउन नदी नियन्त्रण योजना



**म्याग्दी**- म्याग्दीको बेनी नगरपालिका-१ आनन्दबगरमा नदी नियन्त्रण योजना सञ्चालन भएको छ । कालीगण्डकी नदीको कटानबाट जोखिममा रहेको आनन्दबगरको बस्ती संरक्षणका लागि रूपाताल संरक्षण एकीकृत विकास परियोजनाले योजना कार्यान्वयन गरेको हो ।

आनन्दबगर बस्ती संरक्षण योजना उपभोक्ता समितिका अध्यक्ष लालबहादुर थापाले कालीगण्डकी किनारमा 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी दिए । 'कालीगण्डकीले धार परिवर्तन गरेर बस्ती कटान गर्न थालेपछि आनन्दबगर जोखिममा परेको थियो,' उनले भने, 'चालु आर्थिक वर्षमा ७० मिटर लामो र आठ मिटर अग्लो पर्खाल निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ ।'

झण्डै ७४ लाख रूपैयाँको लागतमा निर्माण हुन लागेको पर्खालको जगतर्फ तीन मिटर अग्लो पक्की र सतहमा चार मिटर अग्लो पर्खाल निर्माण गरिएको अध्यक्ष थापाले बताए । निर्माण कार्यलाई सहज बनाउन कालीगण्डकीलाई डाइभर्सन गरेर अस्थायीरूपमा पर्वतको लामाखेत तर्फबाट बगाइएको छ । सत्र परिवारको बसोबास रहेको आनन्दबगरमा सयौं रोपनी खेतीयोग्य जमिन कटानको जोखिममा थियो ।

परियोजनाले बेनी बजार र त्यस आसपासका बस्तीमा कटान नियन्त्रणका लागि आठ ठाउँमा ५० करोड रूपैयाँको लागतमा संरक्षणको काम गरिरहेको छ । बेनी बजार, गलेश्वर क्षेत्र, राम मन्दिर र पर्वत बेनी आसपासका बस्तीलाई संरक्षण गर्न सञ्चालित उक्त आयोजना निर्माणले तीव्रता पाएको परियोजनाका इञ्जिनियर कृष्णबहादुर विश्वकर्माले बताए ।

'गलेश्वर, राम मन्दिर, वारीबेनी र बगरफाँटको योजना सम्पन्न हुने चरणमा छन्,' उनले भने, 'बेनी नगरपालिका-२ भसबसेको नदी र पहिरो नियन्त्रण योजना लक्ष्य अघि नै सम्पन्न भएको छ ।' बेनीलाई सरकारले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको छ । *रासस*


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer-2 ((F/M)
2. General Manager-1 (F/M)

नोटः +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा ४ देखि ५ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

CENTRAL CAPITAL SERVICES PVT.LTD.

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492 Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


# 'ग्रिन कर्णाली' मार्फत फेरिँदै सेरीपाल्त बस्ती



■ दीपेन्द्र कार्की बस्ताकोटी

**दैलेख**- दैलेखको गुराँस गाउँपालिका कर्णाली प्रदेशको राजधानीबाट करिब २५ किलोमिटरको दूरीमा रहेको छ । यो पालिका सिंगो प्रदेशको प्रवेशद्वारको रूपामासमेत चिनिन्छ । आफैंमा सुन्दर र स्वच्छ हावापानी रहेको गुराँस गाउँपालिका यतिबेला जताततै गुराँस फुलेर रमणीय बनेको छ । यो पालिका प्रदेशकै अर्गानिक तरकारी जोनको रूपमा रहेको छ । गुराँसको रैथाने आलुलगायत तरकारीहरू सुर्खेत हुँदै नेपालगञ्जसम्म पुग्ने गर्दछ ।

गुराँस गाउँपालिका-३ मा रहेको सेरीपाल्त बस्तीमा पुग्नेबित्तिकै छुट्टै आनन्द महसुस हुन्छ । मुख्यरूपमा रहेको आदिवासी जनजाति बस्ती, जहाँ आफ्नै संस्कृति र रहनसहन रहेको छ । जहाँ यतिबेला डिसिएको आर्थिक सहयोगमा सोसेक नेपालको ग्रिन कर्णाली लागू भएको छ । विगतमा पिछडिएको क्षेत्रको रूपामा रहेको उक्त क्षेत्र यतिबेला नमूना क्षेत्रको रूपमा परिचित हुँदै गएको छ । सफा, स्वच्छ बस्ती जहाँका महिलाहरू यतिबेला ग्रिन कर्णालीको छातामुनि गोलबद्ध हुँदै आयआर्जनको क्षेत्रमा लागेका छन् । फुर्सदिलो समयमा समूह छलफल गर्दै बारीमा तरकारी फलाउने होस या पशुपालन, मौरी पालनदेखि च्याउ उत्पादनको क्षेत्रमा यहाँका महिलाहरू सक्रिय बनेका छन् । विगतमा पुरुषहरू कामका लागि भारत पुग्ने र महिलाहरू गफ छाँटेर बस्ने गरेको अनुभव सुनाउँदै उनीहरू यतिबेला विभिन्न पेसामा लाग्न पाएकोमा खुसी बाँडिरहेका छन् ।

रासायनिक मलको सट्टा गाउँघरका विभिन्न वनस्पतिबाट जैविक विषादी र जैविक मल उत्पादन र त्यसको प्रयोगबाट विषादिरहित ताजा तरकारी खाने र बेच्ने गरेको रमाइलो अनुभव उनीहरूसँग छ । समूहबाट सिकाइ र उत्प्रेरणामात्र होइन साक्षरसमेत भएका सेरीपाल्त बस्तीका महिलाहरू यतिबेला पुरुषहरूलाई समेत बस्तीमै केही गर्नुपर्छ भनेर सिकाइरहेका छन् । सफा, सुन्दर बस्ती र घरहरूमा उनीहरूले त्यहाँ पुग्ने पाहुनालाई स्वागत गरिरहेका छन् ।

त्यसो त विगतका दिनहरूमा बस्तीको स्थिति दयनीय भए पनि यतिबेला सम्भावनाको आधारमा कार्यक्रम तयार गर्दै आयमूलक बनाउने प्रयास गरिएको सोसेक नेपालले जनाएको छ । ग्रिन कर्णाली कार्यक्रममार्फत बस्तीमा मौरी पालनदेखि तरकारी खेती र पशुपालनको क्षेत्रमा उल्लेख्य प्रगति गरिरहेको ग्रिन कर्णाली कार्यक्रमका परियोजना संयोजक पुष्कर शर्मा बताउँछन् ।

पहाडको जग्गा बाँझो राखेर भारतबाट आयातीत विषाक्त तरकारी खानुपर्ने बाध्यता भइरहेका बेला गुराँसको तरकारीले आफ्नो पहिचान बनाइरहको छ । गुराँस सेरीपाल्तका महिला किसानहरूको यो नमूनायोग्य उपलब्धिलाई 'ब्रान्डिङ' गरेर प्रवर्द्धन गर्न सके उनीहरूलाई हौसला मिल्ने सरोकारवालाहरू बताउँछन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनीः LTT METAL & PLASTIC RECYCLING SDN. BHD

पूर्व स्वीकृति मिति : २०८०/११/२४ LT. No. 301308 चलानी नं.६०२१६१६९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 7 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ४ गते (17th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.S.Group of Management Pvt.Ltd.

Govt. License 1100/073/074

Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com



## SUNAWARSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPLE EXECUTIVE
DAINIYA, MORANG
KOSHI PROVINCE

## INVITATION FOR BID

**Published date: 2080/11/27 (2024/03/10)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Average Annual Construction Turn Over Nrs | Bid Capacity Nrs | Estimated amount Nrs (With Vat & P S ) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|---|---|
| SUNMUN/ROAD/ 080/81-09 | Maldaiya Sikti sadak kalopatre nirantarta | 2,99,41,000 /- | 1,59,69,000 /- | NA | 5,65,000 /- | 5,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:-Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 7th column of above table on or Before 2080/12/26 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2080/12/27. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Chaitra, 27, 2080 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

# प्रभाव दैनिक

आइतबार २७, फागुन २०८० (Sunday, March 10, 2024)


### नाटक 'रिफण्ड' मञ्चन

फागुन १४ गतेदेखि पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'बुकिङ शो' मार्फत मञ्चन भइरहेको नाटक 'रिफण्ड' शनिबारदेखि 'पब्लिक शो' मा मञ्चन भएको छ । यही फागुन २८ गतेसम्म मञ्चन हुने नाटक आज दिउँसो १ बजे, आइतबार र सोमबार साँझ ५ बजे मञ्चन गरिने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिए । उनका अनुसार हालसम्म बुकिङ शोमार्फत १४ पटक मञ्चन भएको नाटक करिब तीन हजार दर्शकले हेरिसकेका छन् । पब्लिक शोमार्फत नाटक हेर्न रू दुई सय शुल्क निर्धारण गरिएको छ ।



# शो नदिएको भन्दै हलबाट उतारियो काँडेतार



■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुन २५ गतेबाट प्रदर्शनमा आएको चलचित्र 'काँडेतार' लाई प्रदर्शन नगराउने निर्णय गरेको निर्माण कम्पनी सामना फिल्मस् प्रा. लि. ले जानकारी दिएको छ । हलवालाहरूले चलचित्रलाई पर्याप्त शो नदिएको भन्दै प्रदर्शन नगराउने निर्णय गरिएको हो ।

विदेशी हिन्दी फिल्मलाई करिब ११५ वटा शो हल उपलब्ध गराइएको जिकिर गर्दै लगाउँदै नवल खड्काले अङ्ग्रेजी फिल्मलाई करिब ७० वटा शो हल उपलब्ध गराइएको जानकारी दिए । 'चलचित्र शोमा प्राइम टाइम अति महत्त्वपूर्ण मानिन्छ । यही समयमा दर्शकहरू चलचित्र हेर्न निस्कन्छन् । तर चलचित्र काँडेतारलाई यस्तो प्राइम टाइम उपलब्ध गराइएन । दुई अन्य चलचित्र प्रत्येकलाई करिब ८०/९० वटा शोहरू प्राईमटाइममा दिइएको छ । तर हाम्रो चलचित्र 'काँडेतार' लाई मुस्किलले करिब २३ वटा शो दिइएको थियो । ती पनि बिहान ८,९ र १० बजेका अधिकांश शोहरू छन् । जुन समय दर्शकहरू घरका दैनिक चर्याका कारण घरबाट निस्केर चलचित्र हेर्ने गर्दैनन् ।'

चलचित्र हलहरूबाट शो दिइँदा प्राइम टाइममा गडबडी हुन्छ आफूहरूको कल्पनाभन्दा बाहिरको कुरा भएको र अन्तिम घडीमा चाल पाइएको उनको भनाई छ । 'तर त्यसबेला हामीले काँडेतारको प्रदर्शन रोक्न सम्भव थिएन । त्यसैले हामीले संकेतिकरूपमा चलचित्र शो गर्ने र आजबाट नै रोक्ने निर्णय गरेका थियौं, जुन कुरा हामीले चलचित्र हलवालालाई हिजो फागुन २५ मा नै जानकारी गराएका थियौं,' उनले भने ।

# मल्लिकाको 'गाजले' सार्वजनिक

**काठमाडौं (प्रस)–** गायिका मल्लिका कार्कीको नयाँ गीत 'गाजले'को भिडियो सार्वजनिक भएको छ । गीतमा राजेशकुमार श्रेष्ठको शब्द र एलिस कार्कीको संगीत छ । राजन इशानको एरेन्ज रहेको गीतमा श्याम श्वेत रसाइलीको मिक्सिङ छ । गीत म्यूजिक क्लाउड स्टुडियो कमलादीमा रेकर्ड गरिएको हो ।

डान्सिङ नम्बरको गीतमा गायिका मल्लिकासहित आर्यन सिग्देल, स्मारिका ढकाल, सुरेश कोहली, किरण केसी र अंशु थापा फिचर्ड छन् । मैना माया कार्की प्रस्तुतकर्ता रहेको गीतमा गायिका मल्लिकाले आफूलाई गाजले केटा मनपर्ने कुरा उल्लेख गरेकी छन् ।

भिडियोमा हरि हुमागाईंको डीओपी, मित्र डी गुरुङको सम्पादन, अनन्त घिमिरेको डिजाइन, सरोज पाण्डेको मेकअप, मनिक तामाङको आर्ट, देवराज सापकोटाको प्रोडक्सन र कविराज गहतराजको कोरियोग्राफी तथा निर्देशन छ । भिडियो म्यूजिक नेपालको युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।

# चर्चित रक गायकको गोप्य नेपाल आवतजावत



■ प्रभाव संवाददाता

**काठमाडौं–** उनी नेपाल पटक-पटक आउँछन्, कार्यक्रम गर्छन् जान्छन् । तर, निश्चित दर्शक र आयोजक बाहेककालाई पत्तै हुँदैन । मानौं, एक चर्चित रक गायकको नेपाल आवत-जावत गोप्य रहँदै आएको छ ।

'गहिरो आँखा' र 'हाम्रो गीत'जस्ता चर्चित गीतका गायक उगेश लिम्बू यतिखेर नेपालमा छन् । जो, नेपाली गीतका लागि जति चर्चित छन्, त्योभन्दा बढी अंग्रेजी गायनमा लोकप्रिय छन् । उनका ग्लोबल्ली श्रोता असंख्य छन् ।

सन् २००४ देखि न्युयोर्क बस्दै आएका रक गायक उगेश यसपटक व्यक्तिगत कामको सिलसिलामा नेपालमा आएका हुन्, तर, उनलाई भ्याइनभ्याई छन् । गीतकार तथा कम्पोजरसमेत रहेका उगेशले कुराकानीको सुरुमै भने, 'थोरै समयका लागि नेपाल आएको हुँ, तर यही अवधिमा धेरै काम गर्नुछ । विभिन्न कन्सर्टका आलावा केही गीत रेकर्डिङ र भिडियो पनि बनाउनुपर्ने भएकाले एकदमै व्यस्त भएको छु ।'

सिंगापुरमा जन्मेहुर्केर न्युयोर्कमा बस्दै आएका उगेश अंग्रेजी र नेपाली गीतका आलावा हिन्दी तथा सुफी पनि गाउँछन् । उनी सिंगापुर, अमेरिका, अष्ट्रेलिया लगायतका देशमा चर्चित छन् ।

'डग एण्ड बोण्डस्', 'रेड विन्स एण्ड ससेस्'जस्ता चर्चित अंग्रेजी गीतका गायक उगेश भन्छन्, 'मिडियामा आउन नचाहेका कारण नेपालमा पब्लिकले कम चिनेको हुनसक्छ । तर, मलाई यहाँ आयोजकले कार्यक्रमका लागि बोलाइरहेको हुन्छ ।'

नेपालका प्रमुख शहरहरू जस्तै, काठमाडौं, धरान, इटहरी, चितवन, पोखरालगायतका स्थानमा उगेशले कैयौंपटक कार्यक्रम गरिसकेका छन् । यसपटक पनि नेपालमा बसाइको क्रममा उनी इटहरी, धरान, पोखरा र काठमाडौंमा प्रस्तुत हुँदैछन् ।

यही ८ मार्चमा इटहरी र ९ मा धरानमा प्रस्तुत भएका उनी पोखराको रोलिङ स्टोन रकबारमा १५ मार्चमा प्रस्तुत हुँदैछन् । यस्तै, काठमाडौंमा त्यसको भोलिपल्ट काठमाडौंको ठमेलस्थित क्लव 'पर्पल हेज'मा कन्सर्ट गर्दैछन् । नेपालमा हुने कन्सर्टमा उनलाई नेपाली ब्याकअप ब्याण्डले साथ दिने गरेका छन् भने न्युयोर्कमा उनको आफ्नै ब्याण्ड छ ।

सन् १९९६ मा सिंगापुरमा 'द अनसिभलाइज' नामक एल्बम निकालेर सांगीतिक करिअर सुरु गरेका उगेश त्यो समय 'वान इयर ओल्ड' ब्याण्डमा आवद्ध थिए । उक्त ब्याण्डका उनी ड्रमर तथा भोकलिस्ट थिए । तर, पछिल्लो समय उनी गायक, कम्पोज गीत लेखनलाई प्राथमिकता दिँदै आएका छन् । उगेश भन्छन्, 'मेरो म्युजिकल करिअर ड्रमर र गितारिस्टबाट सुरु भएको हो । १७ वर्षको उमेरसम्म सिंगापुरमा बसेका उगेशले न्युयोर्क सरेपछि 'नर्मल एकेडेमिक' ब्याण्डबाट सांगीतिक करिअर अगाडि बढाए ।

सिंगापुरमा हुँदा अंग्रेजी गीतमात्र गाएका उगेश भन्छन्, 'नेपाली गीत गाउनुपर्छ भन्ने सोच थियो । तर, अवसर नै मिलेन । जब अमेरिकामा नेपाली कम्युनिटीसँग घुलमिल हुँदै गयो, त्यसपछि अंग्रेजीसँगै नेपाली र हिन्दी गीत गाउन थालेको हुँ ।'

'द क्लास', 'द रोमन्स', 'ग्रिन डे'जस्ता विश्व चर्चित गीतहरूबाट प्रभावित भएर गायनमा लागेका उगेशका ५० भन्दा बढी चर्चित गीत छन् । उनका श्रोता विश्वव्यापी छन् । विस्तारै युगेशको चर्चा नेपालमा समेत हुन थालेको छ । अंग्रेजीबाहेक उगेशका 'पर्खिरहेछु', 'गहिरो आँखा-१', 'गहिरो आँखा-२', 'हाम्रो गीत', 'पंखको नाममा कलंक'जस्ता दर्जनौं गीतहरू चर्चित छन् ।

हालसम्म उगेशले दर्जनौं देशमा कन्सर्ट गरिसकेका छन् । सन् २००८ देखि २०१० को बीचमा त उनी कन्सर्टका लागि 'फस्ट च्वाइज' थिए । सिंगापुर र अमेरिका त उनका लागि खेल्ने आँगन जस्तै हो । त्यसबाहेक अष्ट्रेलिया, क्यानडा, दुवई, जापान, कतारलगायतका देशमा पटक-पटक कन्सर्ट गरेका उगेश भन्छन्, 'त्यसबीचमा विश्वका चर्चित रक स्टार तथा गायक/गायिकाहरूसँग पनि स्टेज शेयर गर्ने अवसर मिलेको छ ।'

## रंगशाला

# मैत्रीपूर्ण क्रिकेटमा नेपाल हङकङसँग पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** मैत्रीपूर्ण टी-२० क्रिकेटमा नेपाल हङकङसँग पराजित भएको छ । हङकङले नेपाललाई ७३ रनले पराजित गरेको हो । हङकङमा भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै हङकङले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा दुई सय १२ रन बनायो ।

दुई सय १३ रनको लक्ष्य पाएको नेपालले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ३९ रनमात्र बनाउन सक्यो । नेपालका लागि विनोद भण्डारीले २२ बलमा ४१ रन जोडे । कप्तान रोहितकुमार पौडेलले ३० रन र आरिफ शेखले ३८ रन बनाए ।

यसअघि हङकङका लागि बाबर हयातले शतकीय पारी खेले । उनले ४९ बलमा तीन चौका र १३ छक्काको मद्दतमा एक सय १० रन बनाए । यस्तै मार्टिन कोइत्जीले ३१ र अंशी राथले ३९ तथा अजिज खानले अविजित २१ रन बनाए ।

बलिङतर्फ नेपालका लागि खेलमा टी-२० क्रिकेटमा डेब्यु गरेका आकाश चन्दले तीन विकेट लिए ।

त्रिकोणात्मक सिरिज खेल्न नेपाली टोली बिहीबार हङकङ गएको थियो । नेपाल, हङकङ र पपुवा न्यूगिनीबीच यही फागुन २७ गतेदेखि त्रिकोणात्मक टी-२० आई सिरिज सुरु हुँदैछ । त्यसअघि नेपालले हङकङसित एउटा मैत्रीपूर्ण खेल खेलेको हो ।

त्रिकोणात्मक सिरिजमा नेपालले पहिलो खेल फागुन २७ गते हङकङसँग खेल्ने छ । यस्तै नेपालले फागुन २९ गते पवुवा न्यूगिनीसँग खेल्नेछ । फागुन ३० गते त्रिकोणात्मक सिरिजको फाइनल खेल हुने छ ।

नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, विनोद भण्डारी, गुलशन झा, सन्दीप जोरा, आरिफ शेख, विवेक यादव, राशिद खान, करण केसी, सागर ढकाल, प्रतिश जिसी, लोकेश बम, आकाश चन्द र अविनाश बोहोरा छन् । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली त्रिकोणात्मक शृंखला खेल्नका लागि बिहीबार हङकङ गएको हो ।

# सेनाको बज्रदल विजयी



**जानकी (प्रस)–** महाशिवरात्रि तथा दुई सय ६१औं सेना दिवसका अवसरमा बाँकेको राँझास्थित बज्रदल गणले आयोजना गरेको मैत्रीपूर्ण खेलमा नेपाली सेनाले एकका विरुद्ध दुई गोल गर्दै विजयी भएको छ । यहाँ आयोजित मैत्रीपूर्ण खेलमा नेपाल प्रहरीलाई एकका विरुद्ध दुई गोलले हराउँदै बज्रदल गण विजयी भएको हो ।

बज्रदल गणका तर्फबाट सुमन थारूले आठ मिनेटमा एक गोल गरेका थिए भने सोही गणका निरज खातीले एक गोल गरेका थिए । त्यसैगरी, जिल्ला प्रहरी कार्यालय बाँकका तर्फबाट अनिल चौधरीले खेलको सत्रौं मिनेटमा एक गोल गरेका थिए । यसैगरी, उक्त मैत्रीपूर्ण भलिबल खेलमा बज्रदल गणले नै विजय हासिल गरेको छ ।

बज्रदल गण र बाँकेको सशस्त्र प्रहरी बल नेपाल नं ३० गण मख्यालय वागिश्वरीबीच भएको भलिबल खेलमा २५-१७, २५-१४ को सेटले सशस्त्रलाई पराजित गर्दै वज्रदल गणले जित हात पारेको हो । प्रतियोगिताका विजयी खेलाडीलाई जिल्ला न्यायाधीश भीष्मराज प्रसाईंले नगद रु १० हजार पुरस्कार प्रदान गरेका थिए । विभिन्न संस्थालाई सम्मान गरिएको थियो । मैत्रीपूर्ण फुटबल र भलिबल खेलको उद्घाटन सत्रमा न्यायाधीश प्रसाईं, बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, चार नम्बर वाहिनीका वाहिनीपति सहायकरथी प्रकाश थापा, बज्रदल गणका गणपति प्रमुख सेनानी रवीन श्रेष्ठ, बाँके प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोरा, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक विमल डाँगी, राष्ट्रिय अनुसन्धान बाँकेका प्रमुख ओम खड्कालगायत उपस्थित रहेका थिए ।

# तेन्जिङ र पञ्चमायालाई लिड क्लाइम्बिङको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौ स्पोर्ट क्लाइम्बिङ सेन्टरको आयोजनामा भएको मुसा मसला एण्ड वोड्छु पिक ओपन लिड क्लाइम्बिङ च्याम्पियनसिपको उपाधि तेन्जिङ राई र पञ्चमाया तामाङले जितेका छन् ।

कामनापा वडा नम्बर १६ कालधारा पकनाजोलमा स्थित काठमाडौं स्पोर्ट क्लाइम्बिङ सेन्टरमा शनिवार भएको एकदिने प्रतियोगितामा तेन्जिङ पुरुषतर्फ र पञ्चमाया महिलातर्फ च्याम्पिय बनेका हुन् ।

पुरुषतर्फ च्याम्पियन बनेका तेन्जिङले ८० अंक स्कोर गरर्दै नगद २० हजार र विभिन्न गिफ्ट ह्याम्पर जिते । यस्तै दोस्रो भएका साजन लामाले ५६ अंक स्कोर गर्दै नगद १० हजार र तथा तेस्रो भएका रोनक उप्रेतीले नगद ५ हजार र गिफ्ट ह्याम्पटरहरू प्राप्त गरे । रोनकले २० अंक स्कोर गरे ।

महिलातर्फ पहिलो भएकी पञ्चमायाले पनि २० हजार र गिफ्टह्याम्पटर प्राप्त गरिन् । यस्तै दोस्रो भएकी स्वस्तिका चौधरीले १० हजार र तेस्रो भएकी सृजना तामाङले ५ हजार नगद र विभिन्न गिफ्ट ह्याम्परहरू प्राप्त गरिन् ।

खुल्ला प्रतियोगिता महिलातर्फ १४ र पुरुषतर्फ २० गरी कूल ३४ खेलाडीले सहभागिता जनाएको काठमाडौं स्पोर्ट क्लाइम्बिङ सेन्टरका प्रवन्ध निर्देशक प्रनिलमान श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा ३ विदेश खेलाडी समेत सहभागि थिए ।

पहिलो चरणमा क्वालिफिकेसन राउण्डमा खेलाडी प्रतिस्पर्धा गराइएको र त्यसपछि अन्तिम चरणमा ८ पुरुष र ८ महिला खेलाडीबीच प्रतिस्पर्धा गराएर विजेता घोषणा गरिएको श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिता अन्तराष्ट्रिय महासंघ आईएफएससी द्वारा प्रतिपादित नियम र मापदण्ड अनुसार संचालन गरिएको थियो भने नेपाल आरोहण खेलकूद संघ एनसीएसएले पनि मान्यता दिएको छ । प्रतियोगिताको प्राविधिक सहयोगिको रूपमा नेपाल राष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक संघ रहेको छ ।



क्यामरुनको याउन्देमा मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित र्‍यालीमा सहभागी महिलाहरू । तस्बिर: सिन्हवा

# नाइजेरियामा अपहरणमा परेका करिब २५० विद्यार्थी उद्धार गर्न सेना परिचालन

**कानो (नाइजेरिया)-** नाइजेरियाको उत्तरपश्चिममा रहेको एक विद्यालयबाट बन्दुकधारीले अपहरण गरेका २५० भन्दा बढी विद्यार्थीहरूलाई उद्धार गर्न सेना परिचालन गरिएको छ ।

कादुना राज्यमा भएको उक्त घटना एक हप्तामा भएको दोस्रो सामूहिक अपहरण हो । पछिल्ला केही वर्षहरूमा उक्त क्षेत्रमा सशस्त्र आपराधिक गिरोहले गाउँ, विद्यालय तथा राजमार्गहरूमा फिरौती भुक्तानीको खोजीमा पीडितहरूलाई लक्षित गर्ने गरेका छन् । कादुना राज्यका स्थानीय सरकारी अधिकारीहरूले बिहीबार अपहरणको पुष्टि गरेका छन् । यद्यपी उनीहरूले कति बालबालिकाहरू अपहरण भएका छन् भन्ने तथ्यांक भने दिएका छैनन् ।

आक्रमणका क्रममा कम्तीमा एक जनाको गोली हानी मृत्यु भएको स्थानीय बासिन्दाहरूले बताएका छन् । जिएसएस कुरीगा विद्यालयका शिक्षक सानी अब्दुल्लाहीले बन्दुकधारीहरूले बिहीबार हवाई फायर गरी विद्यालयका कर्मचारी र धेरै विद्यार्थीहरू लिएर गएको बताए ।

उनका अनुसार स्थानीय अधिकारीलाई १८७ जना विद्यार्थीहरू विद्यालयबाट र अन्य १०० जना प्राथमिक कक्षाहरूबाट अपहरण गरेका थिए । स्थानीय बासिन्दाले करिब २८० जना बालबालिका र शिक्षक अपहरणमा परेको बताएका छन् । एक स्थानीय अगुवाका अनुसार डाकुहरूले गोली चलाएको र आफूहरू भेला हुँदासम्म बच्चाहरूलाई जम्मा गरी भागेका थिए ।

सुरक्षा प्रमुखहरूबाट दुई घटनाको बारेमा जानकारी प्राप्त गरेपछि तत्काल उनीहरूको उद्धारका लागि निर्देशन दिएको राष्ट्रपति बोला टिनुबुद्वारा जारी एक विज्ञप्तिमा उल्लेख गरिएको छ । बालबालिकाको उद्धारका लागि सेना परिचालनका लागि आदेश दिएको र छिट्टै सेना उक्त क्षेत्रमा पुग्ने उनले बताए ।

अप्रिल २०१४ मा बोको हरामका लडाकुहरूले बोर्नो राज्यको चिबोकबाट २५० भन्दा बढी विद्यार्थी अपहरण गरेपछि उक्त घटनाको अन्तर्राष्ट्रियस्तरमा व्यापक आलोचना भएको थियो । तीमध्ये केही बालिका अझै बेपत्ता छन् ।

बोर्नोमा गत हप्ताको सामूहिक अपहरणपछि १०० भन्दा बढी मानिसहरू बेपत्ता भएको प्रत्यक्षदर्शीहरूले बताएका थिए । प्रहरी र स्थानीय प्रशासनले कुरीगा विद्यालयबाट अपहरणमा परेका बालबालिकाको तथ्यांक सार्वजनिक गरेको छैन ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले शुक्रबार एक्समा एक पोस्टमा कादुनामा भएको अपहरणको निन्दा गर्दै यस्ता भयानक आक्रमणका लागि जिम्मेवारहरूलाई कानुनी दायरामा ल्याउन र हिंसा तथा अपहरणजस्ता घटनालाई नियनत्रण गर्न नाइजेरिया सरकारसँग आग्रह गरेका छन् ।

संयुक्त राष्ट्र बाल कल्याण एजेन्सी (युनिसेफ)ले पनि बिहीबारको आक्रमणको निन्दा गर्दै विद्यार्थीहरूको सुरक्षाका लागि सरकारसँग आह्वान गरेको छ । युनिसेफ नाइजेरियाका निर्देशक क्रिस्टियन मुन्डुएटले विज्ञप्तिमा विद्यालयहरू डर र हिंसाका स्थलहरू नभई शिक्षा र विकासको आधार बन्नुपर्ने बताए । *रासस/एएफपी*

# साइप्रस हुँदै गाजाका लागि सहायता पठाउने तयारी

**निकोसिया-** अमेरिकी परोपकारी संस्था 'वर्ल्ड सेन्ट्रल किचेन' ले गाजाका लागि साइप्रसको बाटो सहायता पठाउन लागिएको शनिबार बताएको छ । गाजाबाट सबैभन्दा नजिकको युरापेली संघको सदस्य राष्ट्र साइप्रसको लार्नाका बन्दरगाहमा तीन साताअघि स्पेनको ध्वजाबाहक जहाज 'ओपन आर्म्स' डुबेको थियो ।

'वर्ल्ड सेन्ट्रल किचेन'को टोली साइप्रसमा मानवीय सहायताका सामानहरू उत्तरी गाजातर्फ जाँदै गरेको डुंगामा लोड गरिरहेको छ,' संस्थाले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'हामी हाम्रो विश्वासिलो गैरसरकारी संस्था साझेदार 'ओपन आर्म्स'सँग समुद्री सहायता करिडोर खोल्नका लागि हप्तौंदेखि तयारी गरिरहेका छौं । जसले हामीलाई यस क्षेत्रमा हाम्रो प्रयासलाई विस्तार गर्न अनुमति दिने विश्वास गरिएको छ,' विज्ञप्तिमा भनिएको छ ।

इजरायल-हमास युद्धको पाँच महिनाभन्दा बढी समय बितिसक्दा पनि गम्भीर मानवीय अवस्थाका कारण केही देशले खाद्यान्न र अन्य सहायता ढुवानी गर्न बाध्य भएको गाजाका जनताका लागि आवश्यक सामग्रीले भरिएको बार्ज निर्माण गर्ने योजना रहेको च्यारिटीले जनाएको छ ।

'गाजामा मानवीय सामुद्रिक करिडोर स्थापना गर्ने प्रयासमा प्रगति भइरहेको छ, र हाम्रो सयौं टनले भरिएको जहाज प्यालेस्टिनी नागरिकका लागि खाना, पानी र महत्त्वपूर्ण आपूर्तिको क्षणको सूचनाका लागि पर्खिरहेको छ,' ओपन आर्म्सले सामाजिक सञ्जाल एक्समा भनेको छ ।

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार लार्नाबाट सामुद्रिक करिडोर खुल्ने आशा व्यक्त गरेकी छन् । उनले संयुक्त अरब इमिरेट्स (युएई) को सहयोगमा शुक्रबार 'पाइलट अपरेसन' सुरू गरिने बताएकी छन् । यसले 'गाजाका जनताका लागि सामानको धेरै ढुवानीमध्ये पहिलो' ढुवानीलाई सुनिश्चत गरेको छ ।

गाजामा कुनै पनि बन्दरगाहहरू सञ्चालनमा छैनन् र अधिकारीहरूले प्रारम्भिक ढुवानीहरू कहाँ जाने छन्, ती इजरायलद्वारा निरीक्षणको अधीनमा रहने छन् वा कसले सहायता वितरण गर्ने छन् भन्नेबारे केही बताएनन् ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गाजामा 'अस्थायी स्टेसन' स्थापना गर्ने अमेरिकी योजनामा ६० दिन लाग्ने र त्यसमा एक हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न हुने जनाएको छ । हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट गाजा युद्ध सुरू भएको थियो । आक्रमणमा एक हजार १६० जनाको मृत्यु भएको थियो भने करिब २४० जनालाई आक्रमणपछि बन्धक बनाइएको इजरायली तथ्यांकले देखाउँछ ।

आक्रमणको लगत्तै हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै इजरायलले निरन्तर सैन्य आक्रमण गरेको छ । हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार कम्तीमा ३० हजार ८७८ व्यक्तिको मृत्यु भएको छ ।

सन् २००५ मा गाजाबाट पछि हटेको तर आफ्नो हवाई क्षेत्र र क्षेत्रीय जलक्षेत्रमा नियन्त्रण कायम राखेको इजरायलले योजनाबद्ध सामुद्रिक करिडोरको 'स्वागत' गरेको बताइएको छ । *रासस/एएफपी*

# पश्चिमी इन्डोनेसियामा बाढीपहिरो, १० को मृत्यु

**जकार्ता-** पश्चिम सुमात्रा प्रान्तको पेसिसिर सेलाटनको इन्डोनेसियाली रिजन्सीमा बाढी र पहिरोका कारण कम्तीमा १० जनाको मृत्यु भएको शनिबार स्थानीय विपत् व्यवस्थापन निकायले जनाएको छ । उक्त घटनामा अन्य १० जना बेपत्ता भएका छन् ।


पेसिसिर सेलाटन विपत् न्यूनीकरण एजेन्सीका प्रमुख डोनी गुसरिजलले एक विज्ञप्तिमा उद्धारकर्ताहरूले अझै पनि अन्य बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेको उल्लेख गरे । बाढी र पहिरोबाट प्रभावितहरूलाई उद्धार गरिरहेका छन् ।

शनिबार बिहानसम्म भएको वर्षापछि भएको डुबानले बाटो पुरिएकोले विपत्का कारण छुट्टिएका गाउँलेहरूलाई मद्दत गर्न डुंगाहरूको परिचालन गरी उद्धार सुरू भएको उनले बताए ।

गुसरिजलका अनुसार ४५ हजारभन्दा बढी मानिस सेलाटानका विभिन्न स्थानमा अस्थायी आश्रयस्थलमा बसिरहेका छन् । वर्षाका कारण २० हजारभन्दा बढी घर डुबानमा परेको र कम्तीमा आठवटा पुल भत्किएका छन् ।

बिहीबारदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा धेरै गाउँहरूमा पुग्ने सडक अवरुद्ध भएको छ भने स्थानीयहरू विद्युतविहीन भएका छन् । *रासस/सिन्ह्वा*

# एआई पूर्वाधार स्टार्टअपमा एक अर्ब २० करोड डलर लगानी गर्दै भारत



**मुम्बई-** विश्वको सबैभन्दा बढी जनसंख्या भएको भारतले कृत्रिम बौद्धिकता (एआई) परियोजनाहरूको एउटा विस्तृत शृंखलामा एक अर्ब २० करोड डलर लगानी गर्ने भएको छ ।

कम्प्युटिङ पूर्वाधार स्थापना गर्न र एआई स्टार्टअपमा लगानीमा सहयोग गर्न उक्त धनराशि प्रयोग गरिने सूचना प्रविधि मन्त्रालयको विज्ञप्तिमा बिहीबार राति जनाइएको छ । कनिष्ठमन्त्री राजीव चन्द्रशेखरले भने, 'लगानीले भारतको एआई इकोसिस्टम प्रणालीलाई उत्प्रेरित गर्नेछ र यसलाई भारत तथा विश्वका लागि एआईको भविष्यको आकार दिने शक्तिका रूपमा स्थापित गर्नेछ ।'

स्थानीय सूचना प्रविधि उद्योग निकाय न्यासकमको विद्यमान पूर्वानुमानअनुसार भारतको उदीयमान एआई बजार सन् २०२७ सम्ममा १७ अर्ब डलरको हुने छ । उक्त आँकडाले एआई सफ्टवेयरका लागि वैश्विक बजारको एउटा सानो अंश देखाउँछ । यसका बारेमा अमेरिकी शोध फर्म गार्टनरले सन् २०२७ सम्ममा एआई बजार दुई खर्ब ९७ अर्ब डलरसम्म पुग्नसक्ने बताएको छ ।

भारतले सन् १९९० को दशकमा विश्वव्यापी आउटसोर्सिङ बुमबाट निर्मित विशाल सफ्टवेयर सेवा उद्योगको दाबी गर्दछ र एआई सफ्टवेयरले अवसर र खतरा दुवैको प्रतिनिधित्व गर्दछ । परम्परागत कल सेन्टर वा कोडिङ भूमिकामा काम गर्ने इन्जिनियरिङ स्नातकहरूले एआई मोडेलबाट आफ्नो नोकरीलाई खतराका रूपमा देख्न सक्छन् ।

ओपन एआईका प्रमुख कार्यकारी साम अल्टम्यानले गत वर्ष नयाँदिल्लीमा श्रोताहरूलाई भारतीय उद्यमी तथा कम्पनीहरूले महत्त्वपूर्ण वित्तीय सहयोगविना एआई उत्पादन बनाउनका लागि संघर्ष गर्नुपर्ने बताएका थिए । भारतको सार्वजनिक तथा निजी क्षेत्रहरूले एआई एप्लिकेसन बनाउन सुरूआती प्रयास गरेका छन् ।

बजार पुँजीकरणको हिसाबले भारतको सबैभन्दा ठूलो कम्पनी अर्बपति टाइकुन मुकेश अम्बानीको रिलायन्स इन्डस्ट्रिज र मुलुकका शीर्ष विश्वविद्यालयहरूबीचको साझेदारीले यसै महिना च्याटजिपिटी-स्टाइल च्याटबट एप्लिकेसन सुरू हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# अफगानिस्तान सडक दुर्घटनामा सात जनाको मृत्यु


**अफगानिस्तान-** पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तमा गाडी अनियन्त्रित भई दुर्घटना हुँदा सात यात्रुको मृत्यु भएको र अन्य तीन जना घाइते भएको प्रान्तीय ट्राफिक प्रहरी अधिकारी अबिदुल्लाह मिरवाइसले शनिबार बताएका छन् ।

दिलाराम जिल्लालाई प्रान्तीय राजधानी जरन्ज सहरसँग जोड्ने सडकमा शुक्रबार राति सडक दुर्घटना हुँदा चार पुरुष, दुई महिला र एक बच्चाको घटनास्थलमै मृत्यु भएको र एक बालकसहित अन्य तीन जना घाइते भएको अधिकारीले बताए ।

अफगानिस्तानमा बुधबारको दुर्घटनामा पूर्वी गजनी प्रान्तमा भएको दुर्घटनामा छ जनाको मृत्यु भएको थियो भने ३२ जना घाइते भएका थिए । अफगान अधिकारीहरूका अनुसार त्रुटिपुर्ण ड्राइभिङ, भीडभाडयुक्त सडक, यात्राको क्रममा सुरक्षा उपायहरू अवलम्बन नगरिनु र जीर्ण राजमार्गहरू सडक दुर्घटनाका प्रमुख कारण हुन् ।

राष्ट्रिय ट्राफिक अधिकारीहरूको पछिल्लो तथ्यांकले गत दश महिनामा अफगानिस्तानमा सडक दुर्घटनामा परी एक हजार छ सयभन्दा बढी मानिसको मृत्यु भएको र चार हजारभन्दा बढी घाइते भएको देखाएको छ । *रासस/सिन्ह्वा*

# चीनमा ६ महिनायता पहिलोपटक मूल्यवृद्धि




**बेइजिङ-** अगस्टपछि पहिलोपटक फेब्रुअरीमा चीनको उपभोक्ता मूल्यमा वृद्धि भएको शनिबार सार्वजनिक तथ्यांकले देखाएको छ ।

बेइजिङस्थित राष्ट्रिय तथ्यांक विभाग (एनबिएस) का अनुसार उपभोक्ता मूल्य सूचकांक गत महिना ०.७ प्रतिशतले बढेको छ । यो अगस्टपछिको पहिलो वृद्धि हो । जनवरीमा उपभोक्ता मूल्य सूचकांक ०.८ प्रतिशतले घटेको थियो ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.३ प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए । सन् २०२१ पछि पहिलोपटक जुलाईमा चीनमा गिरावट आएको उपभोक्ता मूल्य तथा सेवामा अगस्टमा केही समयका लागि सन्तुलन आए पनि त्यसयता मूल्यमा निरन्तर गिरावट आएको छ ।

परम्परागत रूपमा चिनियाँ नयाँ वर्षको अवधिमा उपभोक्ता मूल्यमा वृद्धि हुन्छ, तर यस वर्षको फेब्रुअरीमा यसको मूल्यमा कमी आएको थियो । एनबिएसका अनुसार फेब्रुअरीमा उत्पादक मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ । *रासस/एएफपी*

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/११/२७ गते)

जितराम थारुको नाती, रामहरी थारुका छोरा, बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं ०२ बस्ने श्री युवराज चौधरीको मिति २०८०/१०/०७ गतेमा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. १७९०२८७२८१५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती रामरती थारुले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदनको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ताराताल सम्पर्क नं.०८४-४४०२६१/३०४

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२५००० | प्रति तोला – १२४४०० | प्रति तोला – १४७० |



**मह काढ्दै मायादेवी** | मौरीको मह काढ्दै बागलुङको जैमिनी नगरपालिका–४ सर्कुवाकी मौरीपालक कृषक मायादेवी पौडेल । उनले वार्षिक दुई क्विन्टल मह बेच्दै आएकी छिन् । *तस्बिर : डम्मर बुढामगर/रासस*

# 'निजी क्षेत्रसँग हातेमालो गर्दै सरकार अघि बढ्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्ने बताएका छन् । नेपाल तयारी पोशाक उद्योग संघको २९औं वार्षिक साधारणसभामा उनले निजी क्षेत्रका सबै समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गरे ।

सरकार र निजी क्षेत्रका बीच सहकार्य बिना मुलुकले फड्को मार्न नसक्ने उल्लेख गर्दै उपप्रधानमन्त्री महासेठले भने, 'देश बनाउने तपाईं हामीले नै हो, मुलुकको आर्थिक अवस्था सबल बनाउन सबैको सहकार्य आवश्यक छ ।' मुलुकको आर्थिक अवस्थालाई बलियो बनाउन सरकार केन्द्रित भएको उनले बताए ।




उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी उत्पादनले बजार नपाउनाको कारण खोजेर समाधान गर्नुपर्ने बताए । यसका लागि आफ्नो मन्त्रालय निजी क्षेत्रसँगै रहेको उनले बताए । 'निजी क्षेत्रसँग नजिकबाट सहकार्य गर्न सरकार तयार छ,' मन्त्री भण्डारीले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सत्ता पक्ष र प्रतिपक्ष एक ठाउँमा उभिनुपर्नेमा जोड दिए । उनले निजी क्षेत्रलाई सरकारले विश्वासमा लिनुपर्छ भने ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले तयारी पोशाक तथा कृषिजन्य उत्पादनको निर्यात सहजीकरण गर्न, मुलुकमा लगानीको वातावरण निर्माण गर्न सुझाव दिए । उनले निजी क्षेत्रलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा लैजान नदिने प्रतिबद्धता व्यक्त गरे ।

प्रतिनिधिसभा, उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य एवं संघका सदस्य गणेश पराजुलीले नेपालको निर्यातजन्य वस्तुको प्रमुख हिस्सा तयारी पोशाक रहेको उल्लेख गर्दै निर्यातमा सहजीकरण गर्न सरकारसँग आग्रह गरे । उनले निर्यातमा अनुदान दिने व्यवस्थालाई थप व्यवस्थित बनाउन सुझाव पनि दिए । प्रतिनिधिसभाको उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य सीता मिजारले उद्योग व्यवसायलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिँदै निकासी प्रवर्द्धनमा ध्यान दिन आग्रह गरे ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले तयारी पोशाक उद्योग मुलुकको अर्थन्त्रको मेरुदण्डका रूपमा रहेकाले यो क्षेत्रको विकासमा ध्यान दिन अनुरोध गरे । सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा रहेकाले नेपाली उत्पादनलाई विश्व बजारमा पुर्‍याउन थप सहयोग आवश्यक भएको उनले बताए ।

नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले अर्थतन्त्रलाई चलायमान बनाउन व्यवसायमैत्री मौद्रिक नीति ल्याउन सुझाव दिए । आगामी आर्थिक वर्षको बजेटमा निजी क्षेत्रले दिएको सुझाव कार्यान्वयन गर्न आग्रह गरे । नेपाल तयारी पोशाक संघका अध्यक्ष पशुपतिदेव पाण्डेले तयारी पोशाक उद्योगलाई प्रवर्द्धन गर्न नीतिगत सुधार, प्रक्रियागत सरलीकरण तथा व्यावसायिक वातावरण बनाउनुपर्नेमा जोड दिए ।

सन् १९८७ मा स्थापना भएको संघमा एक सयभन्दा बढी तयारी पोशाक उद्योगी आबद्ध छन् । तयारी पोशाक उद्योग क्षेत्रमा ४० हजार रोजगारी सृजना भएको संघले जनाएको छ ।

गत आवमा भारत तथा तेस्रो मुलुकमा करिब रु नौ अर्ब बराबरको तयारी पोशाक निर्यात भएको संघले जनाएको छ । तयारी पोशाक प्रमुख निर्यातजन्य वस्तुको सूचीमा छ । गलैंचा प्रथम र तयारी पोशाक दोस्रो स्थानमा रहेको संघका अध्यक्ष पाण्डेले जानकारी दिए ।

त्यस अवसरमा उपप्रधानमन्त्री महासेठले सन् २०२२/२३ मा भारत तथा तेस्रो मुलुकमा सबैभन्दा बढी तयारी पोशाक निर्यात गर्ने तीन उद्योगलाई सम्मान प्रदान गर्नुभएको थियो । सो अवधिमा ट्राई क्रट इन्डस्ट्रिजले रु एक अर्ब १७ करोड, नेपाल फेसन प्रालिले रु ६६ करोड र पल्स फेसन सोलुसन प्रालिले रु ४३ करोडको तयारी पोशाक निर्यात गरेको थियो ।

संघको कार्यसमितिमा १० वर्षभन्दा बढी समय सेवा गरेका पदाधिकारी एवं सदस्यलाई सम्मान गरिएको थियोभने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले साधारणसभाको सफलताको कामना गर्दै पठाउनुभएको शुभकामना सन्देश सुनाइएको थियो ।

# 'अर्थतन्त्रको एजेन्डामा राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रको एजेन्डामा राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्ने बताएका छन् । शनिवार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले इकोनोमिक एजेन्डामा राजनीतिक दलहरू एक नआइकन देशको अर्थतन्त्र अघि बढ्न नसक्ने बताए । ढकालले देश रहे, देश समृद्ध राष्ट्र भए नै राजनीतिक गर्ने ठाउँ हुने बताए ।

उनले भने, 'हामी आग्रह गर्दछौँ, कमसे कम इकोनोमिक एजेन्डामा राजनीतिक दलहरू एक ठाउँमा आउनुपर्छ । इकोनोमिक एजेन्डामा यहाँहरू एक ठाउँमा आउनुभयो भने मलाई लाग्छ राम्रो हुन्छ । देश रह्यो भने, व्यावसायिक



एक्टिभिटी बढ्यो भने रोजगारी सिर्जना भयो भने र रेभिन्यु कलेक्शन भयो भने साँच्चै समृद्ध राष्ट्र भयौँ भने त्यसपछि हामी राजनीति आफ्नो पार्टीबाट गर्दै गरौँला ।'

उनले चैत्र २८ गतेको महासंघको साधारणसभामा राजनीतिक दलका अध्यक्ष, पूर्वप्रधानमन्त्री र प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबैको प्रतिनिधित्व हुने गरी एउटा कार्यक्रम गर्न लागेको बताए । उनले निजी क्षेत्रका आर्थिक एजेन्डालाई सबै राजनीतिक दलले प्रतिबद्धता जनाउनुपर्ने बताए ।

अध्यक्ष ढकालले सरकारले बाइलेट्रल इन्भेष्टमेण्ट एग्रिमेण्ट (बिपा) छिटो पास गर्न आवश्यक रहेको बताए ।

# महिला उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता

**दमौली –** तनहुँको दमौलीमा शुक्रबारदेखि सुरु भएको महिला उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ । महिला उद्यमी संघ तनहुँको आयोजनामा दमौलीको खुला मैदानमा सुरु भएको मेलामा तनहुँका अतिरिक्त मुस्ताङबाटसमेत महिला उद्यमीले स्थानीय उत्पादन बिक्रीवितरणका लागि ल्याएका छन् ।

मेलामा तनहुँभित्रका संघमा आबद्ध विभिन्न इकाइबाट महिलाका अतिरिक्त मुस्ताङको घरपझोङ गाउँपालिका-३ बाट स्थानीय उत्पादन बिक्री वितरणका लागि ल्याइएको छ । मार्फा, फलफूल तथा तरकारी प्रशोधन उद्योगका सञ्चालक सुकुना रसाइलीले मुस्ताङमा उत्पादित विभिन्न सामग्री बिक्री वितरण तथा प्रदर्शनीका लागि ल्याएको जानकारी दिए ।

उनले भने, 'महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने कार्यक्रम हुँदैछ भन्ने जानकारीमा आएपछि दमौली आइपुगेका हौँ । मेलामा मुस्ताङमा उत्पादित अर्गानिक सामग्री बिक्रीका लागि राखिएका छन् ।' रसाइलीका अनुसार सिस्नोको पाउडर, जिम्बु, आलुको चिप्स, रातो मकै, टिमुरको छोप, स्याउको जुस बिक्रीका लागि राखिएको छ ।



मेलामा हालै मात्र सीप सिकेर साबुन बनाएका महिलाले झोल साबुन बिक्रीका लागि राखेका छन् । म्याग्दे गाउँपालिकाको सहयोगमा सीप सिकेका महिलाले आत्मनिर्भर बन्दै आयआर्जनका लागि झोल साबुन बिक्रीका लागि राखेका हुन् । मेलामा व्यास नगरपालिका-११ महिलाले थाकलबाट बनाइएको टोपी प्रदर्शन तथा बिक्रीका लागि राखेका छन् ।

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर संघले पहिलो पटक व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला आयोजना गरेको हो । महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने उद्देश्यसहित मेला आयोजना गरिएको संघकी अध्यक्ष निर्मला मल्लले जानकारी दिइन् । उत्पादित सामग्रीको बजारीकरणमा सहयोग पुर्‍याउन मेलाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाइ छ ।

अध्यक्ष मल्लले भने, 'परम्परागत सीप र पेसालाई प्रवर्द्धन गर्न र स्थानीय उत्पादन बिक्रीका लागि मेला सहयोगी हुने विश्वास लिएका छौँ । यसले महिला उद्यमीलाई थप प्रोत्साहन हुनेछ ।' उनका अनुसार मेलामा ५० स्टल रहेका छन् ।

मेलामा होजियारी, हस्तकला, कृषिजन्य सामग्री बिक्री वितरणका स्टल रहेका छन् । मल्लका अनुसार बाहिरबाट खरिद गरेर ल्याइएका सामग्री बिक्री वितरण गर्न नपाइने र स्थानीयस्तरमा उत्पादित वस्तुमात्रै बिक्री गर्न पाइनेछ ।

तीन दिनसम्म चल्ने मेलामा करिब ४० हजार दर्शक रहने आयोजकको अनुमान छ । मेला सम्पन्न गर्नका लागि करिब रू सात लाख खर्च हुनेछ । लोप हुँदै गएका परम्परागत सामग्रीको पहिचान र बजारीकरणका लागि मेलाले सहयोग पुग्ने महिला उद्यमी संघ दुलेगौडा इकाइ अध्यक्ष तुलसी शाहले बताए । उनले भने, 'अहिलेका पुस्तालाई परम्परागत सामग्रीका बारेमा जानकारी छैन । त्यसका लागि पनि मेलाले सहयोग पुग्नेछ ।' रासस

# गण्डकीका २९ स्थानमा चक्लाबन्दी खेती

■ प्रभाव संवाददाता

**गण्डकी–** व्यावसायिक कृषि उत्पादनका लागि गण्डकी प्रदेशका छ जिल्लाका २९ स्थानमा जग्गा चक्लाबन्दी गरिएको छ । प्रदेश सरकार स्थापना भएयता कुल पाँच हजार चार सय ९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ । मन्त्रालयको भूमि स्रोत नक्साङ्क महाशाखाका प्रमुख गङ्गालाल पोखरेलले कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती सुरु गरिएको जानकारी दिए ।

गत आवमा तनहुँ र नवलपुमा गरी पाँच सय ३२ रोपनी जग्गालाई चक्लाबन्दी गरिएकामा चालु आर्थिक वर्षमा लमजुङ र गोरखाको पाँच सय रोपनीमा उक्त कार्यक्रम सुरु गरिने उनले बताए । 'लमजुङ र गोरखामा जग्गा चक्लाबन्दीका लागि स्थान छनोट हुन बाँकी छ । प्रदेश सरकारले नमूना कार्यक्रमका रूपमा जग्गाको चक्लाबन्दी गरिरहेको हो', प्रमुख पोखरेलले भने, 'कार्यविधि बनाएर आगामी वर्षदेखि यो कार्यक्रम स्थानीय तहलाई हस्तान्तण गर्ने तयारीमा मन्त्रालय छ ।' चक्लाबन्दी गरिएको जग्गामा उत्पादन र उत्पादकत्व वृद्धि गर्न दश समूह/सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएको उनले जानकारी दिए ।

छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको महाशाखा प्रमुख पोखरेलको भनाइ छ । 'लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिन्छ । १० प्रतिशत लगानी किसान आफैँले गर्नुपर्छ', महाशाखा प्रमुख पोखरेलले भने, 'चक्लाबन्दी खेतीका लागि ५० रोपनीभन्दा बढी जग्गा हुनुपर्छ ।' वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको उनले बताए । मन्त्रालयले बर्सेनि चक्लाबन्दी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले बताए ।

खण्डीकृत र वर्षौंसम्म बाँझो रहेको जग्गामा चक्लाबन्दी कार्यक्रम सुरु भएपछि किसान लाभान्वित बनेका उनको भनाइ छ । 'ठुलाठूला व्यावसायिक कृषि फार्म सञ्चालनका लागि यो कार्यक्रम उपयोगी छ । खेतीयोग्य जग्गाको खण्डीकरण पनि रोकिन्छ', वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले भने ।

बागलुङको निलुवा, ढोरपाटनलगायत क्षेत्रमा वर्षौंदेखि बाँझो रहेका जग्गामा चक्लाबन्दी गरेसँगै खेती सुरु भएको उनले सुनाए । 'चक्लाबन्दी गरिएको जग्गामा अन्नबाली, तरकारी, फलफूललगायतका खेती भइरहेको छ', अर्थविज्ञ भट्टराईले भने, 'चक्लाबन्दी कार्यक्रम सुरु भएपछि व्यावसायिक कृषितर्फ किसानको आकर्षण बढेको छ ।' बागलुङको गलकोट नगरपालिका-४ निलुवामा चक्लाबन्दी खेती गर्दै आएको सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष चिन्तामणि शर्माले मन्त्रालयले खेती विस्तार, सिँचाइलगायतमा किसानलाई सघाउनुपर्ने बताए । वर्षौंसम्म बाँझो रहेको निलुवाको जग्गालाई चक्लाबन्दीपछि व्यावसायिक कृषि उत्पादन सुरु भइसकेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ